# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालय शिक्षा भनेको औपचारिक शिक्षाको जग हो । यसले नै नागरिकमा चरित्र निर्माण लगायत भविष्यको लागि चाहिने ज्ञान, सीप र अभिवृत्तिको विकास गराउँछ भन्ने कुरामा दुईमत हुन सक्दैन । व्यक्तिको जीवनमा शिक्षाको महत्व अत्याधिक हुँदाहुँदै पनि विभिन्न कारणहरूले गर्दा विशेषगरी विकासोन्मुख राष्ट्रका सम्पूर्ण बालबालिकाहरूको पहुँच विद्यालय शिक्षासम्म पुग्न सकेको छैन । शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने परिप्रेक्ष्यमा सन् १९६० मा कराची सम्मेलन पश्चात् नेपालले सन् १९७४ (२०३१ साल) मा शिक्षाको उज्यालो घामबाट कुनैपनि बालबालिकाले बञ्चित हुनु नपरोस् भन्ने नारा अघि सार्दै प्राथमिक शिक्षालाई निःशुल्क गरेको थियो भने सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको सबैका लागि शिक्षा सम्बन्धी प्रथम विश्व सम्मेलनको घोषणापत्रलाई मूर्तरूप दिन सेनेगलको डकारमा सन् २००० मा भएको विश्व शिक्षा मञ्चले समिक्षा गर्दै सन् २०१५ सम्म विश्वका सबै बालकालिकाहरूलाई प्राथमिक स्तरको शिक्षा गुणस्तरीय, निःशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । सो घोषणापत्रले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा हाँसिल गर्न ६ ओटा मुख्य उद्देश्यहरू राखिएका छन् । ती उद्देश्य हासिल गर्न नेपाल पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा पूरा गर्न सोको राष्ट्रिय कार्ययोजना (२००१-२०१५) बनाई सो योजना पूरा गर्नको लागि सबैको लागि शिक्षा कार्यक्रम (२००४-२००९) को रणनीतिक कार्यक्रम तयार गरेर आ.व. २०६१/०६२ देखि कार्यान्वयन गर्न शुरु गसिकेको छ (शिक्षा मन्त्रालय, सन् २००३, पृ. : ८७) ।

वर्तमान परिप्रेक्ष्यमा विद्यालय उमेर समूहका करिब ५ प्रतिशत बालबालिका विद्यालय बाहिर नै रहेकाछन् । जसमा अधिकांश बालबालिकाहरू अपाङ्ग, सडक बालबालिका, दलित, जनजाति, गरिवीको चपेटामा परेका, द्वन्द्वका मारमा परेका तथा कठिन भूपरिवेशका बालबालिकाहरू रहेको विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ । सन् २०१५ सम्ममा यी विद्यालय बाहिर रहेका सम्पूर्ण बालकालिकालाई सबैको प्रयासबाट विद्यालय भित्र ल्याउन, टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य सरकारको सामू ठूलो चुनौतिको रूपमा रहेको छ । यिनै चुनौतिको सामना गर्दै विश्वसामु नेपालले गरेको प्रतिबद्धता पूरा गर्ने क्रममा सबैका लागि शिक्षा सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम आ.व. २०६१/०६२ देखि नेपाल अधिराज्य भरी लागू भएको हो (पाठ्यक्रम विकास केन्द्र, २०५६) । निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक स्रोत सामग्री भक्तपुर,) ।

राष्ट्को यस अभियान पूरा गर्न विद्यालय शिक्षामा पहुँच विस्तार गर्न र गुणस्तर कायम राख्न विद्यार्थी मूल्याङ्कनको अहम् भूमिका हुन्छ ।

व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानवीय मूल्य एवम् मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्यसम्पादन गर्न सक्ने नागरिक तयार गर्नु वर्तमान शिक्षाको मुख्य ध्येय रहेको छ । शिक्षाको यही ध्येयको के कति प्राप्त गर्न सकियो भनि लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन प्रक्रिया भनिन्छ भने अविछिन्न रूपमा गरिने मूल्याङ्कन नै निरन्तर मूल्याङ्कन भन्न सकिन्छ । आजको २१ औं शताब्दिको संघार भित्र प्रवेश गरेको विश्वमान चित्र भित्र रहेका हामी सबै नेपाली हौं । सबै नेपालीको जन्मसिद्ध अधिकारका रूपमा रहेको शिक्षा प्राप्त गरी निरिक्षरता उन्मुलन गर्न तथा साक्षर बनाउने र गुणस्तरीय तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नुपर्छ (राष्ट्रिय योजना आयोग, २०६३)

सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा कुनै कार्यको प्रगति हेर्ने वा मूल्य निर्धारण गर्ने (Valu Judgement) कार्य हो । यसले ठोस निर्णयका लागि आधार प्रदान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्तो सिकाइ उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रकृया हो । Come and Foster (१९९१) का अनुसार मूल्याङ्कन प्रभावकारी सिकाइका लागि आधारभूत शर्त पनि हो । अतः पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूपका ज्ञान, सीप र व्यवहार विद्यार्थीहरूले हासिल गरे गरेनन वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । त्यसकारण यो शिक्षण सिकाइ कार्यकलापको अभिन्न अङ्ग हो ।

निरन्तर मूल्याङ्कन एउटा फराकिलो क्षेत्र ओगटने आधिकारिक (Authentic) र लचिलो मूल्याङ्कन प्रणाली हो । यसबाट विद्यार्थीका सबै प्रकारका प्रतिभा र क्षमताहरूको मूल्याङ्कन गर्न सकिन्छ । यसलाई विषयको प्रकृति अनुसार उपयोग गर्नुपर्ने भएकोले विषयगत साधनहरूको बारेमा प्रष्ट हुनु जरुरी हुन्छ । शिक्षणको क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (CAS) का लागि विविध प्रकारका निरन्तर मूल्याङ्कन साधनहरू उपयोग गर्नुपर्दछ जस्तै यस भित्र अवलोकन, प्रश्नोत्तर र

छलफल, लिखित परीक्षा, कार्य सञ्चयिका अध्ययन, आत्ममूल्याङ्कन, साथी संगती सहपाठीबाट हुने मूल्याङ्कन, अभिभावक सम्पर्क र प्रतिक्रिया पर्दछन् (निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण, २०६९ पेज ५) ।

निरन्तर मूल्याङ्कन प्रणाली Holistic Approach मा आधारित छ । विद्यार्थीको सामाजिक बौद्धिक, संवेगात्मक, र शारिरिक जस्ता पक्षहरूको विकास अवस्था मूल्याङ्कन गर्नका लागि यो मूल्याङ्कन प्रणाली उपयुक्त छ। निरन्तर मूल्याङ्कन संरचनाबाद (Constructivism) मा आधारित भएकाले यसले विद्यार्थीमा नीहित ज्ञानको विकास गर्न, गतिशीलता प्रदान गर्न र सिर्जनशीलताको उपयोगका लागि अवसर प्रदान गर्दछ। नियमित वा पटक, पटक विद्यार्थीको लेखाजोजा गर्नु निरन्तर मूल्याङ्कन प्रणालीको कार्य हो। यसलाई तल प्रस्तुत चक्रबाट पनि प्रष्ट पार्न सकिन्छ :

निरन्तर मूल्याङ्कन प्रणालीमा पाठ्यक्रमद्वारा अपेक्षित शैक्षिक उपलब्धि विद्यार्थीमा के-केति मात्रामा पूरा भयो भनेर उपलब्धिको लेखाजोखा गर्ने गरिन्छ । विद्यार्थीहरूले पाठ्यक्रले तेकेको शैक्षिक उपलब्धिहरू पूरा गरेनन् भने सिकाइ प्रक्रियाका प्रभावकारी नमएको मानिन्छ । यसैले सिकाइ प्रक्रियामा प्रभावकारी वनाउन विभिन्न किसिमका नयाँ प्रविधिका प्रयोग गरी शिक्षण सिकाइ सञ्चालन गर्नुपर्ने हुन्छ। राष्ट्रलाई अग्रगतिमा बढाउन शिक्षाको ठूलो महत्व छ। भविष्यका आवश्यक सन्ततीहरू उत्पादन गर्ने क्रममा शिक्षा क्षेत्र असफल भयो भने विकासको गति अगाडि बढ्न सक्दैन । त्यसैले अपेक्षित जनशक्ति तयार पार्न शिक्षामा निरन्तर मूल्याङ्कन परीपाटीको उपयोग गरी विद्यार्थीको कमीकमजोरीलाई बेलैमा सच्याई पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गरेको जनशक्ति तयार पार्न पनि निरन्तर मूल्याङ्कनको टड्कारो महशुस गरिएको छ।

नेपालमा शिक्षाको विकासक्रम सँगसगै मूल्याङ्कन पद्धति पनि परिर्वतन हुँदै आएको छ। प्राचीनकालमा चलेको गुरुकुल शिक्षा प्रणालीमा गुरुको चाहना अनुरूप विषयहरू हुन्थे भने मूल्याङ्कन पनि गुरुको इच्छा अनुसार हुने गर्दथ्यो । गुरुहरूले नै मूल्याङ्कनकर्ताको रूपमा कार्य गर्दथे । मूल्याङ्कन गर्ने कुनै ठोस आधार नभएतापनि गुरुको इच्छा तथा चाहना अनुसार सिकारुलाई थप नयाँ ज्ञान प्रदान गर्ने गरिन्थ्यो । प्राचीनकालमा श्रवण, व्याख्या, प्रदर्शन, छलफल आदिको माध्यमबाट शिक्षा दिइन्थ्यो भने सिकारुको चारित्रिक गतिविधि सामुहिक परीक्षातर्फ धर्म र दर्शनको बारेमा छलफल र बहस तथा शास्त्रार्थक विधिद्वारा परीक्षा लिइन्थ्यो (कलेज अफ एजुकेशन, सन् १९५६:३५२) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) मा पनि प्राथमिक तहमा प्रत्येक विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्न पाँच पाँच नम्बरका चार वटा एकाइ परीक्षा, १०/१० अङ्कको दुई वटा त्रैमासिक परीक्षा, पाँच अङ्कको दुई वटा गृहकार्य, पाँच अङ्कको दुई वटा अवलोकनको मूल्याङ्कन गरी जम्मा ६० अङ्कको आन्तरिक मूल्याङ्कनको अङ्क र ४० अङ्कको अन्तिम परीक्षा लिई मूल्याङ्कन गर्ने व्यवस्था थियो भने २०३८ सालपछि परिमार्जन गरी दुई वटा एकाइ परीक्षा, दुई वटा त्रैमासिक परीक्षा अवलोकन र गृहकार्य गरी ४० अङ्क आन्तरिक र ६० अङ्क भएको अन्तिम हुने गरिएको थियो ( जवरा, २०६८:२०)।

पछाडि यो परीक्षा प्रणालीमा परिवर्तन गरी १० प्रतिशत पहिलो त्रैमासिक, ३० प्रतिशत दोस्रो त्रैमासिक र अन्तिम ६० प्रतिशत हुने गरिएकोमा हाल आएर कक्षा १–३ मा निरन्तर मूल्याङ्कन प्रणालीलाई अबलम्बन गरिएको छ। ३० प्रतिशत तीन तीन महिनामा पढाइ तथा अन्य कुराहरूले विवरण कार्ड राख्न र तीन-तीन महिनामा विद्यार्थी प्रगतिको मूल्याङ्कन गर्न परीक्षा गरिने र प्राथमिक तहको अन्तमा जिल्ला शिक्षा निरीक्षकको कार्यालयले जाँच लिएर मूल्याङ्कन गर्ने व्यवस्था गरेको थियो (शिक्षा मन्त्रालय, २०२८)। CAS का लागि प्रयोग गरिने फारमको नमुना अनुसूची नं १ मा दिइएको छ।

नेपालले हालै उद्घोष गरेको विद्यालय क्षेत्र सुधार योजनाको नीति तथा रणनीतिसम्बन्धी मूल दस्तावेजको मस्यौदा (२०६४) अनुसार कक्षा एक देखि आठसम्मलाई आधारभूत तह मानी कक्षा १ देखि ३ सम्म पूर्णरूपमा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउने, कक्षा ४ र ५ मा निरन्तर मूल्याङ्कनलाई पचास प्रतिशत आधारमानी मूल्याङ्कन प्रक्रिया अपनाउने प्रस्ताव गरेको छ (निरन्तर विद्यार्थी मूल्याङ्कन कायान्वयन पुस्तिका, २०६८)।

नेपालमा अहिले एकातर्फ शिक्षाको गुणस्तर वृद्धिका लागि गुणात्मक शिक्षाको अभाव टड्कारो रूपमा देखिएको छ भने अर्कोतर्फ शिक्षामा पहुँचको समस्या पनि त्यत्तिकै रूपमा देखापरेको छ। प्राथमिक उमेरका करिब ४.५ प्रतिशत बालकालिकाहरू विद्यालय गएका छैनन् र गएका पनि सबैले प्राथमिक तह पूरा गर्न सकिरहेका छैनन्। नेपाल सरकारले विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनका लागि छात्रवृत्ति, पौष्टिक आहार एवम् दिवा खाजा, पोशाक एवम् तेल वितरण गर्ने जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन प्रयास गरिरहेको छ। तथापी प्राथमिक विद्यालय जानबाट अझै पनि करिब ४.५ प्रतिशत बालबालिकाहरू बञ्चित छन्
(फ्लास रिर्पोट, २०७१) यस्तो अवस्थामा प्राथमिक उमेरका बालबालिकाको उत्तीर्ण दर बढाउनु र

अनुत्तीर्ण तथा कक्षा छाडने र दोहोऱ्याउने दरमा न्यूनता ल्याउन पनि CAS ले मद्दत पुऱ्याउँछ भन्ने अपेक्षा राखिएको छ ।

प्राथमिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमध्ये बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने प्रमुख कारणमा अनुत्तीर्ण हुने समस्या नै प्रमुख पाइएको छ । यी समस्यालाई समाधान गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन र लगानीको क्षति कम गर्न नेपाल सरकारले अनिवार्य प्राथमिक शिक्षा लागू गरेका पाँच जिल्ला इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा शैक्षिक वर्ष २०५६/०५७ देखि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरेको छ । सोको परीक्षण पश्चात् उक्त कार्यक्रम प्रभावकारी देखिएको आधारमा मूल्याङ्कन प्रणाली लागू गर्ने तथा कक्ष चार र पाँचमा पचास प्रतिशत निर्णयात्मक र पचास प्रतिशत निर्माणात्मक पद्धतिबाट गरिने व्यवस्था गरेको छ (पा.वि.के., २०६०:३६) ।

हाम्रो देशमा प्राथमिक शिक्षामा उत्तीर्ण दर बढाइ कक्षोन्नती र टिकाउदर बढाउन प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न खोजिएको देखिन्छ । अतः निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, अभिभावक, शिक्षाप्रेमी तथा सरोकारवाला निकाय तथा विद्यालयले यसको चाजोपाँजो कसरी मिलाएको यसको कार्यन्वयन के कसरी कुन रूपमा गरिदै आएको छ भनि पहिचान गर्न निरन्तर मूल्याङ्कन को उपयोगको स्थितिलाई अध्ययनको केन्द्रविन्दु मानिएको छ ।

नेपालमा शिक्षाको गुणात्मक पक्ष कमजोर रहनु र कक्षा दोहोऱ्याउने र बीचैमा विद्यालय छोड्ने विद्यार्थी बढ्नुमा वर्तमान आवधिक लिखित परीक्षामा आधारित मूल्याङ्कन प्रणाली पनि जिम्मेवार ठानी शिक्षा मन्त्रालयले नवौं पञ्चवर्षीय योजनादेखि प्राथमिक तहको कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणाली विस्तार गर्दै लैजाने कार्यक्रम अघि सारेको हो । नवौं पञ्चवर्षीय योजनाको कार्यक्रम अनुसार आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना १९९७ मा निरन्तर मूल्याङ्कन प्रणालीलाई काठमाडौं जिल्लामा परीक्षण गरिएको थियो । त्यसै गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणको कार्यक्रम कार्यान्वयन योजनाको मूल दस्तावेजमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रमलाई जोड दिएको थियो (शिक्षा विभाग, २०६४) ।

दशौं पञ्चवर्षीय योजनाले पनि निरन्तर मूल्याङ्कन प्रणालीलाई परीक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागू गरिने कुरा उल्लेख गरेको छ। परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लाई शैक्षिक सत्र २०६३ देखि देशभर लागू गरिएको छ। उक्त पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीलाई कक्षा १ देखि ३ सम्म लागू गर्ने व्यवस्था गरेको हो (पा.वि.के., २०६८)।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले राष्ट्रिय पाठ्यक्रम प्रारूपले विद्यार्थी मूल्याङ्कन सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ जस्तै सबै तह तथा कक्षाहरूमा औपचारिक एवम् अनौपचारिक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रक्रिया अबलम्बन गरिनेछ। विद्यार्थी मूल्याङ्कन गर्दा कक्षा कार्य, योजना कार्य, सामुदायिक कार्य, एकाइ परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रबर्द्धनात्मक कार्य जस्ता साधन र तरिका प्रयोगमा ल्याइनेछ। विद्यार्थीको आन्तरिक मूल्याङ्कन विद्यालयमा आधारित हुनेछ।

तीनवर्षे अन्तरिम योजना (२०६७/०६८-२०६९/०७०) ले चरणबद्ध रूपमा कक्षा ७ सम्म तोकिएका सिकाइ उपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नति व्यवस्था लागू गर्ने र विद्यार्थीका उपलब्धिका आधारमा ग्रेडिङ गर्ने कुरा उल्लेख गरिएको छ । त्रिवर्षीय योजनाको आधारपत्र (२०६७/०६८-२०६९/०७०) ले यस मर्मलाई आत्मासात गर्दै गुणस्तर परिक्षणका लागि मापदण्डको तयारी र प्रयोगमा जोड दिइएको पाइन्छ (पा.वि.के. २०६८)।

निरन्तर मूल्याङ्कन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वयन गर्ने, विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिनेछ र विद्यार्थी मूल्याङ्कनको अभिलेख तोकिएको ढाँचामा राखिने छ भनि निरन्तर मूल्याङ्कनलाई जोड दिएको छ।

सिकाइ क्रियाकलापसँगै र आवश्यकताअनुसार बारम्बार गरिने मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन मूल्याङ्कन हो । यस मूल्याङ्कन प्रणालीमा कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न साधनको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गरिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले विशेषतः निर्माणात्मक मूल्याङ्कनमा जोड दिन्छ । यो मूल्याङ्कन प्रणाली विद्यार्थीहरूलाई कक्षा चढाउने कुराको निर्णय लिनेभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषण रूपमा उपयोग गरिन्छ । यसबाट कमजोर विद्यार्थीलाई उलब्धिस्तर बढाउन मद्दत पुग्छ।

मूल्याङ्कनका विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गरी विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि प्रयोग गर्ने र जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत दिइ विद्यार्थीलाई नियमित विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गरी । पठनपाठन र अन्तिम परीक्षामा असफल भएका कारण बीचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या न्यून गराई अधिकतम् बालवालिकालाई प्राथमिक शिक्षा पूरा गराउने विद्यार्थीमा परीक्षाको सन्त्रास कम गराउने र कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या न्यून गराउने उद्देश्य रहेको छ ।

विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउनका लागि सिकाइ स्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गर्न निरन्तर मूल्याङ्कन प्रणालीको आवश्यकता रहेको छ । विद्यार्थीहरूमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सीप र व्यवहारलाई दिगो रूपमा स्थापित गर्न विद्यार्थीको सही मूल्याङ्कन, निरन्तर र सहजतापूर्वक सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्नुका सबै बाल मैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउन, विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक हुने अतिरिक्त समय र स्रोतको बचत गर्न, विद्यार्थीहरूलाई मूल्याङ्कनप्रति उत्साहित गर्न निरन्तर मूल्याङ्कन प्रणालीको आवश्यकता रहेको त्यसैगरी विद्यार्थी बिचको बैयक्तिक भिन्नताहरू पत्ता लगाई सिकाइमा सुधार गर्न, विद्यार्थीलाई नियमित उपस्थितिमा उत्साहित गर्न, कक्षा छोड्ने र दोहोऱ्याउने सङ्ख्या कम गर्न यसको आवश्यकता रहेको छ ।

### १.२ समस्याको कथन

परीक्षणका रूपमा नेपालका ५ जिल्ला इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा २०५६ सालमा लागू गरिएको निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी देखिएको भनी हाल कक्षा ३ सम्म पूर्ण र कक्षा ७ सम्म आंशिकरुमा लागू गर्ने व्यवस्था गरेको भएतापनि सबैजसो विद्यालयहरूले यो मूल्याङ्कन प्रणाली लागू गर्न असमर्थ भएको सन्दर्भमा के कसरी लागू गर्ने भनी सम्बन्धित सरोकारावालाहरूलाई चुनौती दिएको छ । अधिकाशं विद्यालय आफूले यो मूल्याङ्कन प्रणाली लागू गर्न नसक्ने कुरा बोली तथा व्यवहारले बताइरहेका छन् । विभिन्न नयाँ कार्यक्रम लागू गर्नभन्दा पहिला सरकारले परीक्षण गर्ने गरेको र परीक्षणको नतिजा सकारात्मक आउने र लागू गर्ने गरेको भएतापनि व्यवहारमा भने नयाँ कार्यक्रम लागू हुन नसकेको तितो यथार्थ नै हो । विभिन्न नयाँ कार्यक्रम निर्माण र यसको कार्यान्वयन गर्नका लागि मानवीय जनशक्तिको विकासका लागि राष्ट्रिय-अन्तराष्ट्रिय तालिम-सेमिनारका लागि वर्षेनी लाखौं खर्च भइरहेको छ । नेपालले अबलम्बन गर्दै आएको पेपर एण्ड पेन्सिल टेष्टको परम्परागत

मूल्याङ्कन प्रणाली सन्तोषजनक नभएको ठानी  निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन थालिएकोमा यसलाई शिक्षक, विद्यार्थी र अभिभावकका साथसाथै अन्य सरोकारवालाहरूले पनि आत्मसाथ गर्न सकिराखेको छैनन् ।
आवधिक मूल्याङ्कन विद्यार्थीहरूमा सिकाइ उपलब्धिहरू के कति मात्रामा पूरा भए भनी निश्चित समयमा मात्र गरिने र निरन्तर पृष्ठ दिन नपाइने भएकाले सिकाइका उपलब्धि  पूरा गर्न कठिन भइरहेकाले निरन्तर मूल्याङ्कन प्रयोगमा ल्याउन थालिएको छ । यस प्रणालीले विद्यार्थीको विषयगत दक्षताको अतिरिक्त कियाकलाप लगायतका सबै पक्षहहरूको निरन्तर रूपमा भइरहेको प्रगतिको लेखाजोखा अभिलेख फायलमा राख्ने व्यवस्था मिलाइएको हुनाले समयमा नै कमजोरीहरू हटाइ उपलब्धि हासिल गराउनमा मद्दत पुग्दछ । यस प्रणालीमा मुख्य जसको उद्देश्य विद्यार्थीलाई सफल-असफल छुट्याउने मात्र नभई उपलब्धि हासिल गर्नमा सहयोग गर्ने निरन्तर रूपमा प्रभावकारी सिकाइको अवसर र वातावरण प्रदान गर्नु हो न कि पास फेल मात्र छुट्याउनु होइन ।

सावधिक रूपमा गरिने मूल्याङ्कन प्रणालीले एउटा कक्षामा पूरा हुन नसकेको उपलब्धि माथिल्लो कक्षामा पुरा गराउने ठोस व्यवस्था नभएका कारणले कुनै उपलब्धि पूरा गर्न नसक्ने विद्यार्थीले माथिल्लो कक्षामा पुरक र व्यवस्थित सहयोग नपाउने वातावरण छ, जसको कारणले गर्दा माथिल्लो तहको उपलब्धि पूरा गर्नको लागि आवश्यक तल्लो तहको उपलब्धिको अभावले गर्दा ऊ माथिल्लो तहको उपलब्धि पूरा गर्नबाट वञ्चित मात्र हुने होइन अपेक्षित रूपको जनशक्ति नब्नन पनि सक्ने हुन्छ । त्यसैले विद्यार्थीको सर्वाङ्गिण विकास गराउन निरन्तर मूल्याङ्कन प्रणाली कोशेढुङ्गाको रूपमा रहने विश्वास गर्न सकिन्छ ।

अझै पनि हाम्रा विद्यालयहरूमा मूल्याङ्कनलाई परिक्षाको रूपमा मात्र सीमित राख्ने परिपाटि भएकाले वास्तविक रूपमा मूल्याङ्कन आधुनिक र व्यवहारिक मूल्याङ्कन प्रणालीको प्रयोगको अभाव देखिन्छ । एकातर्फ साना विद्यार्थीहरूमा परीक्षाको डर हुनाले विद्यमान परीक्षा प्रणालीले गर्दा नेपाल शिक्षा मन्त्रालयले नवौं योजनादेखि कक्षा १ देखि ३ सम्मका लागि साना विद्यार्थीहरूमा परिक्षाको डर हुनाले विद्यमान परिक्षा प्रणालीले  वाञ्छित उपलब्धि पूरा हुन नसकेको अवस्था छ भने अर्कातर्फ शिक्षक अनुउत्तरदायी भइरहेको अवस्था छ । यस्ता विविध पक्षहरूले गर्दा सिकाइ उपलब्धिको प्राप्त गर्नेमा निरन्तर मूल्याङ्कन प्रणालीको भूमिका के कस्तो रहेको छ । सबै सिकाइ उपलब्धिहरू उचित रूपमा प्राप्त हुन सकिरहेका छन् । सबै विषयवस्तुको  मापन एवम् मूल्याङ्कन  गर्न सकिएको छ । विषयवस्तुका लागि कुन तरिकाको मूल्याङ्कन साधन प्रयोग गर्न उपयुक्त हुन्छ । औपचारिकका साथै

विभिन्न अनौपचारिक माध्यम र परीक्षा बाहेकका साधनबाट विद्यार्थीका विभिन्न पक्षको मूल्याङ्कन गर्न सकिन्छ । मूल्याङ्कन सम्बन्धी अभिलेखहरू कार्यसञ्चयिकामा व्यवस्थित रूपले राख्न सकिएको छ छैन । विद्यार्थी मूल्याङ्कनमा उपयुक्त साधनको प्रयोग गर्न नसक्दा नतिजा तथा मूल्याङ्कन परिपाटी प्रभावकारी हुन सकेको छ छैन । कमजोर विद्यार्थीहरूले आफूलाई समयमै सुधार गर्ने अवसरहरू प्राप्त गरेका छन, छैनन् । जस्ता सवालको प्रर्याप्त खोज अनुसन्धान महशुस गरी निरन्तर मूल्याङ्कन प्रणालीको उपयोगको स्थितिलाई समस्याको कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यार्थीहरूले अनिवार्य रूपमा हासिल गर्नुपर्ने भनी सम्बन्धित तहको पाठ्यक्रमले तय गरेका शैक्षिक उपलब्धिहरू विद्यार्थीहरूले न्युन रूपमा मात्र हासिल भैरहेको र बर्षेनी विद्यार्थीहरू फेल हुने वर्तमान अवस्थामा शिक्षण प्रक्रियाको साथमा मूल्याङ्कन प्रक्रिया पनि सबल र प्रभावकारी बनाउनुपर्ने विभिन्न अध्ययनहरूले औंल्याएको सन्दर्भमा यो अध्ययनले पथप्रदर्शन गरेर सहयोग पुऱ्याउन सक्ने आशा लिन सकिन्छ । प्रभावकारी मूल्याङ्कन प्रक्रियाको अभावमा विद्यार्थीले प्राप्त गरेका शैक्षिक उपलब्धिहरूलाई सहजरूपमा व्यवस्थापन गर्न र अभिभावक तथा सरोकारवालाहरूलाई जानकारी गराउन सकिएको छैन । ओखलढुङ्गा जिल्ला सुनकोशी गाउँपालिका स्थित सिस्नेरी श्रोत केन्द्रभित्र पर्ने ५ ओटा सामुदायिक विद्यालयहरूमा पनि हालसम्म प्राथमिक तहको कक्षा १-३ मा प्रयोग गरिएको मूल्याङ्कन प्रक्रियाको अध्ययन गरी सुधारका उपायहरू औंल्याउदै विद्यार्थीको उपलब्धिस्तरलाई अभिवृद्धि गर्न मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउन अत्यावश्यक देखिएको छ ।

परिवर्तित परिवेश र पाठ्यक्रम अनुसार विषयवस्तुहरू पनि थपिंदै जाने तथा त्यसको व्यवस्थापनको अभावमा तल्लो तह कमजोर हुँदै गयो भने माथिल्लो तहसमेत कमजोर हुँदै जाने भएकाले उचित मूल्याङ्कन र व्यवस्थापनका लागि प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुन आवश्यक देखिन्छ । अतः यस शोधले प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको उपयोगले वर्तमान प्राथमिक पाठ्यक्रमको मूल्याङ्कन प्रक्रियाको प्रभावकारिता र व्यवस्थापन पक्षको अध्ययन गरी आवश्यक मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने छ । प्राथमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिको विश्लेषण गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिता समेतको अध्ययन गर्ने छ । साथै यस अध्ययनले हालसम्म प्राथमिक तहमा प्रयोग गरिएको मूल्याङ्कन प्रणालीको शोधखोज गरी शैक्षिक गुणस्तर र व्यवस्थापन अभिवृद्धि गरी विश्लेषण गर्न मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । परम्परागतरूपमा प्रयोग गरिएको मूल्याङ्कनका अतिरिक्त निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गरी उदार कक्षोन्नतिको प्रयोग

गर्नमा सम्बन्धित सबैलाई सहयोग मिल्ने छ । प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि उत्तरदायी प्रशासनिक निकाय तथा सरोकारवालाहरूलाई जिम्मेवार बोध हुने र निरन्तर मूल्याङ्कन प्रणालीप्रति अभिभावक र विद्‌यार्थीको प्रतिक्रिया र सहभागिता अवस्था पहिचान हुनुका साथै प्राथमिक तहको सुनाई, बोलाई, पढाइ र लेखाइ सहितको भाषिक कुशलता र गणितीय समस्याहरू समधान गर्दै तहगत सिकाइका उपलब्धिहरू प्राप्त गराउन मद्दत पुऱ्याउने समग्रमा भन्नुपर्दा निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित ढंगले कार्यन्वयन गरी शिक्षण सिकाइमा अभिवृद्धि गर्न यस अध्ययनले मार्ग निदेर्शन गर्नलाई औचित्यका रूपमा स्विर्कान सकिन्छ ।

### १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थितिको पहिचान गर्ने ।
२. निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता विश्लेषण गर्ने ।
३. निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा देखिएका समस्या पहिचान गर्ने ।
४. निरन्तर विद्‌यार्थी मुल्याङ्कन प्रणाली कार्यन्वयनमा देखिएका समस्या समधानका उपायहरु खोजी गर्ने ।

### १.५ अनुसन्धान प्रश्नहरू

निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूको उत्तर प्राप्त गर्ने हेतुले यस शोध अध्ययनलाई अगाडि बढाएको छ :

१. प्राथमिक तहमा विद्‌यार्थीको उपलब्धि लेखाजोखा गर्न के कस्ता मूल्याङ्कन प्रक्रियाहरू अपनाउने गरिएको छ ?
२. के प्राथमिक शिक्षा पाठ्यक्रमले व्यवस्था गरे अनुसार पूर्ण रूपमा कक्षा १ – ३ मा निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयन भएको छ ?
३. निरन्तर मूल्याङ्कन प्रणालीको नीतिगत व्यवस्था अनुरूप नै यसको कार्यन्वयन भइरहेको छ ?
४. निरन्तर मूल्याङ्कन प्रणाली उपयोगको प्रभाव कस्तो परेको छ ?
५. के निरन्तर मूल्याङ्कनका लागि निर्दिष्ट गरिएका साधनहरू प्रयोग गरिएका छन् ?
६. निरन्तर मूल्याङ्कन प्रणालीको विद्यमान अवस्था कस्तो छ ?
७. निरन्तर मूल्याङ्कन प्रणालीलाई सरोकारवालाहरूले कसरी लिएका छन् ?
८. निरन्तर मूल्याङ्कन प्रणाली उपयोग गर्दा के कस्ता समस्याहरू आइपरेका छन् ?

९. निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयन गर्दा आएका समस्याहरू समधानका लागी  के गर्न सकिएला ?

१०. निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा कार्यन्वयनमा ल्याउन के कस्ता कार्यहरू गर्नु पर्ला ?

**१.६ अध्ययनको परिसीमा**

अनुसन्धानको जति धेरै क्षेत्रलाई समेट्न सक्यो त्यसको विश्वासनीयता र वैधता स्तर पनि त्यति नै उच्च रहन्छ (बराल, २०६४) । तर अध्ययनकर्ताको सीमित स्रोत, साधन र समयका कारणले त्यसलाई व्यापक बनाउन कठीन भएकाले यस अध्ययन ओखलढुङ्गा  जिल्लाको सुनकोशी गाउँपालिका स्थित  श्री कालिका मा.वि सिस्नेरी . श्रोत केन्द्र भित्र पर्ने विद्यालय मध्ये श्री कालिका .मा.वि सिस्नेरी ., श्री बलखु  मा.वि बलखु ., श्री सुनकोशी  मा.वि बलखु ., श्री सरस्वती प्रा.वि.डाडागाउ र श्री पंञ्चकन्या मा.वि.  सिस्नेरी गरी पाँच ओटा सामुदायिक विद्यालयका कक्षा १ देखि ३ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनलाई मात्र समेटेको छ ।

यो अध्ययनका लागि जि.शि.अ.,वि.नि.,स्रोतव्यक्ति, प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, अभिभावकलाई यसको मुख्य उत्तारदाता मानिएको छ । स्रोतकर्ता स्वयम्बाट निमित्त अध्ययनका साधन जस्तै प्रश्नावली, अवलोकन फारम, लक्षित समूह, छलफल निर्देशिकाबाट प्राप्त सूचनालाई मुख्य आधारमानी सीमित समय, स्रोत र साधनबाट तयार भएको हुनाले अन्यत्र सामान्यीकरण नहुन पनि सक्छ । तथापी सम्बन्धित क्षेत्रका सरोकारवालाहरूलाई भने भावि अध्ययनमा  मार्ग निर्देशको काम गर्ने विश्वास लिइएको छ । सामुदायिक विद्यालयको कक्षा १-३ मा निरन्तर मूल्याङ्कन के कसरी सञ्चालन गरिन्छ । विद्यार्थीको उपलब्धि बढाउन के कसरी मद्दत पुऱ्याएको छ । यसलाई प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकले हेर्ने गरेका छन् र विद्यालयमा उपयोगको स्थिति कस्तो रहेको छ भन्ने हेरिएको छ । अन्य पक्ष समेटिएको छैन । यो अन्यत्र सामान्यिकरण नहुन पनि सक्छ ।

**१.७ मुख्य शब्दहरूको  पारिभाषिक अर्थ**

**व्यवस्थापन** उद्देश्य पूरा गर्न स्रोत र साधनको उचित प्रबन्ध मिलाउने कलात्मक कार्य  ।

**निरन्तर मूल्याङ्कन** शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य अनुसार कक्षा कोठा भित्र र बाहिर गरिने विद्यार्थीका गतिविधिको लेखाजोखा अध्ययन गर्नु ।

**मूल्याङ्कन** अवलोकन तथा अन्य माध्यमबाट कुनै पनि विद्यार्थीको अविछिन्न रूपमा उपलब्धिको लेखाजोखा गर्ने कार्य ।

| | |
|---|---|
| **पृष्ठपोषण** | विद्यार्थीको सिकाइ स्तरका बारेमा विद्यार्थी स्वयम्लाई जानकारी गराउने, सल्लाह सुझाव दिने र अगाडि बढ्न समेत मद्दत गर्ने प्रक्रिया । |
| **सुधारात्मक सिकाइ** | विद्यार्थीको आवश्यकतालाई पहिचान गरी उनीहरूको क्षमता विकास गराउने गुणस्तरीय सिकाइ प्रक्रिया । |
| **कार्यसञ्चयिका** | विद्यार्थीहरूको लिखित कार्य, सिर्जनात्मक कार्य तथा रचनात्मक कार्य जस्ता कुराहरूको अभिलेख राख्ने फाइल । |
| **सिकाइ शैली** | विद्यार्थीहरूको रुचि र व्यक्तिगत क्षमताको आधारमा फरक फरक विधिबाट सिक्ने प्रक्रिया । |
| **सिकाइ अभिवृद्धि** | कुन विद्यार्थीको सिकाइ क्षमता कस्तो छ ? त्यसको आधारमा थप क्रियकलाप गराई सिकाउदै जाने पक्रिया । |
| **प्रणालीको उपयोग** | मूल्याङ्कनको अभ्यासरत अवस्था । |

**Holistic Approach** All Round Development of Child

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यहरूको अध्ययन एवम् पुनरावलोकनबाट शोधकर्तालाई आफ्नो विषयको वस्तुपरक रूपमा गहिराइसम्म पुग्न र यथार्थ हुनमा मद्दत पुग्ने भएकाले यस अध्ययनमा निम्न अनुसारका शोधपत्र, प्रतिवेदन तथा प्राप्त लेख रचना र कृतिलाई पुनरावलोकन गरिएको छ ।

नारायण प्रसाद पौडेल द्वारा गरिएको एक अध्ययन अनुसार मूल्याङ्कनका कारणले गर्दा प्राथमिक तहमा उद्देश्यअनुरूप सिकाइमा सहभागिता हुन नसकेको कारण पहिचान गरी अध्ययनको उद्देश्य निर्धारण गरेको पाइन्छ । प्राथमिक तहका बालबालिकाहरू परीक्षाको उद्देश्य निर्धारण गरेको पाइन्छ । प्राथमिक तहका बालबालिकाहरू परीक्षाको भयले गर्दा बीचमै कक्षा छोड्ने, अनुतीर्ण हुने, कक्षा दोहोऱ्उने साथै खूद भर्नादर तथा सहजै देखिने भर्नादरमा सुधार नहुने जस्तो समस्याबाट भएको शैक्षिक क्षति कम गर्न आवश्यक ठानी अध्ययन गरिएको छ । पाठ्यक्रमले तय गरेका शैक्षिक उपलब्धिहरू के-कति मात्रामा हासिल भए र कति मात्रामा हुन सकेनन् भन्ने कुराका लागि उचित मूल्याङ्कन तथा व्यवस्थापन हुन आवश्यक हुन्छ । मूल्याङ्कन प्रणालीमा आवश्यक सुधार गर्न नेपाल सरकारले पाँच जिल्लाका सामुदायिक विद्यालयमा परीक्षणका रूपमा २०५६ देखि लागू गरेको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिता, कमीकमजोरी तथा त्यस प्रणालीलाई प्रयोगमा ल्याउँदा हुने उपलब्धिहरू तथा बाधा-अड्चनका बारेमा अध्ययन गरी शैक्षिक मूल्याङ्कन तथा व्यवस्थापन प्रभावकारिता ल्याउन प्राथमिक तहको कक्षा १-३ मा मूल्याङ्कन प्रणालीको वर्तमान अवस्थाको पहिचान गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिताको विश्लेषण गर्ने र निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरू र समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य राखी गरिएको अध्ययनले निरन्तर मूल्याङ्कनलाई आंशिक रूपमा मात्रै उपयोगमा ल्याइएको तथ्य पहिचान गरिएको छ ।

लम्साल ले प्रस्तुत गरेको एक अध्ययनमा विद्यार्थीमा परीक्षाको हाउगुजी र उमेर तथा धैर्यताको कमीका कारणले पनि विद्यार्थीहरूको उपलब्धि न्यून देखिनाले शिक्षालाई निरन्तरता दिन नसक्नु प्रमुख कारण हुनाले शिक्षा सर्वव्यापी चुनौति हुन पुगेको कुरा उल्लेख छ । यस सन्दर्भमा हेर्दा प्राथमिक तह

पार गर्ने दर ३० प्रतिशतको हाराहारीमा मात्र रहेकाले देशको ठूलो शैक्षिक क्षति व्यहोर्नु परिरहनुको एक प्रमुख कारण मूल्याङ्कन प्रणालीको कमजोरी औंल्याइएको छ । निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन सकेमा उक्त कमजोरीहरू हटाउन सकिने उनको तर्क रहेको छ ।

शिक्षा विभाग ले विद्यार्थीहरूको नियमिततामा वृद्धि गर्ने, शिक्षण सिकाइमा सुधार गर्ने, लेखाजोखा प्रणालीमा सुधार गर्ने, विद्यालयमा विद्यार्थी सङ्ख्यामा वृद्धि गर्ने, पृष्ठपोषण प्रक्रियामा सुधार कार्य रहेको परिप्रेक्ष्यमा निरन्तर मूल्याङ्कन प्रणाली एक उपयोगी माध्यम बन्न सक्ने तर्क आफ्नो प्रतिवेदनमा औंल्याइएको छ ।

थनडाईकका अनुसार प्रयत्न र भूल सिकाइमा गलत प्रतिक्रियाहरू घट्दै जान्छन् । सही प्रतिक्रिया स्थापन "Stamping in of correct responses and stamping out of incorrect responses" हुँदै जान्छन् । यस अध्ययन अनुसार कुनै व्यक्तिले सिक्नका लागि सही सीपको प्रतिक्रिया आएमा त्यसलाई पुरस्कृत गर्दै लग्ने कुरा उल्लेख गरिएको छ । त्यसैले निरन्तर मूल्याङ्कन प्रणालीमा पनि विद्यार्थीले सही उपलब्धि प्राप्त नगरेसम्म निरन्तर पृष्ठपोषण दिन सकिन्छ । यस परिप्रेक्ष्यमा निरन्तर मूल्याङ्कन प्रणालीको थडाईडको प्रयत्न र भूलको सिद्धान्त एक उपयोगी माध्यम बन्न सक्ने छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री ले औंल्याए अनुसार मूल्याङ्कन अवलोकन तथा अन्य माध्यमबाट कुनै पनि कार्यको प्रगति हेर्ने दृष्टिकोण वा मूल्य निर्धारण गर्ने कार्य हो । यसले ठोस निर्णयको लागि आधार प्रदान गर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कनले शिक्षकले दिइए अनुसार विद्यार्थीहरूले सम्पन्न गरे वा तयार गरेका कुराहरूको मात्र मूल्याङ्कन नगरी शिक्षकबाट गराइएका प्रक्रियागत साधनहरूको पनि मूल्याङ्कन गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । त्यसैगरी शिक्षण सिकाइका क्रममा साधनहरूको बारेमा जानकारी लिन आवश्यक छ भनि उल्लेख गरिएको छ । यस अध्ययन निम्न उद्देश्यमा शोधकर्ता केन्द्रीत छ । प्रक्रियाको मूल्याङ्कनमा तयारी परिणामको मूल्याङ्कन सम्बन्धमा बताउने, शिक्षण सिकाइको क्रममा निरन्तर मूल्याङ्कनको चक्र अपनाउने, निरन्तर विद्यार्थी मूल्याङ्कन मार्फत्  वद्यार्थीको अवस्था पहिचान गर्न र निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरूको परिचय दिने पक्षमा केन्द्रित रहेर गरिएको यो थियो जसमा निरन्तर मूल्याङ्कन प्रणाली उपयोगी भएकोले यसको पूर्णरूपमा कार्यान्वयन नभएको औंल्याइएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ सँगै चल्ने पद्धति हो । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी वनाउन र पाठ्यक्रमले राखेका लक्ष्य तथा उद्देश्यहरू विद्यार्थीमा पूरा गराउन निरन्तर रूपमा गरिने मूल्याङ्कन निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन हो त्यसले यस मूल्याङ्कनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो । जस्तै कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, अवलोकन आदि माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कन मूलतः कक्षा कार्यबाटै हुन्छ । कक्षाकार्य गराउँदा विद्यार्थीका क्रियाकलापमा शिक्षकले विशेष ध्यान दिईरहनु पर्दछ । त्यसैले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा विद्यार्थीको मूल्याङ्कन कक्षाकोठा भित्र वा वाहिर गरिने शिक्षण सिकाइ सम्बन्धी क्रियाकलाप नै मूल आधार मान्न सकिन्छ । समग्रमा भन्नुपर्दा शिक्षण सिकाइको क्रममा बेला बेलामा नियमित प्रारूपमा सरल एवम् उपयोगी प्रक्रियाबाट गरिने विद्यार्थी मूल्याङ्कन पद्धति नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यसमा विद्यार्थीलाई तत्कालै आवश्यक सुझाव दिने, सुधार गर्ने र आवश्यकता अनुसार थप सहयोग गर्ने सुधारात्मक कार्य गर्नुका साथै आवश्यकता अनुसार उपचारात्मक शिक्षण सिकाइ पद्धति समेत अपनाउने गरिन्छ जसले विद्यार्थीको व्यवहारमा सुधार हुँदै जाने तथा अपेक्षित व्यवहार निर्माण हुदै जाने गर्दछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई तथ्यपरक पार्न विभिन्न विद्धानहरूले अघि सारेका विचारहरूलाई आधार मानिएको छ । यिनै सैद्धान्तिक आधारलाई अध्ययनको प्रमुख खाकाका रूपमा लिइएको छ । विभिन्न विद्धान एवम् चिन्तकहरूले आफ्नो विषयमा दिएका अभिमतहरूलाई यस अध्ययनमा मूल कसीका रूपमा लिइएको छ ।

### क. लेविनको सिद्धान्त

लेविन, (१९४०) उदृत कार्की, (२०५४) का अनुसार उत्प्रेरणात्मक सिकाइ सिद्धान्तका अनुसार मनोविज्ञानले औसत अवलोकनीय कार्य (Average of phenotype) को मात्र अध्ययन नगरी व्यक्तिको अनुवंशिक सारतत्व (Genotype of an individual) सँग हुने अन्तरक्रियाको समेत अध्ययन गर्नुपर्छ । यस अध्ययन अनुसार सम्पूर्ण वातावरणीय परिस्थितिमा व्यक्तिको कार्य अन्तर्क्रियात्मक रूपमा हुनुपर्छ जसलाई यसरी देखाउन सकिन्छ भनेका छन् ।

$B = F(P.E)$ जहाँ,

B = Behavior (व्यवहार), F = Function (क्रिया), P = Person (व्यक्ति) र

E = Total environmental situation (सम्पूर्ण वातावरणीय परिस्थिति) उद्दृत (कार्की, २०५४) ।

उनका अनुसार व्यक्तिको व्यक्तित्व र उत्प्रेरणा गतिशीलतामा जीवनदुरी (Life space), स्थान वर्णन (Topology) र सहायक अवधारणा (Victor) को महत्व रहेको हुन्छ ।

व्यक्तिले आफू र आफ्ना मनोवैज्ञानिक वातावरणलाई फरक गरेर, सामान्यीकरणका आधारमा र पुनःसंरचना गरेर नै सिक्ने वा ज्ञान प्राप्त गर्ने गर्दछ । नयाँ अन्तरदृष्टि, समझदारी र अर्थ व्यक्ति र वातावरणको सन्दर्भमा प्राप्त गरेर नै सिकाइ अगाडि बढ्छ । सिकाइबाटै व्यक्तिले परिवर्तन गर्दछ, समूह अपनत्व प्राप्त गर्दछ । अधिकतम सञ्चारका आधारमा अर्थपूर्ण लेनदेन गरी शिक्षकले विद्यार्थीहरूलाई तिनीहरूका जीवनदुरी कार्य गर्न अग्रसर पार्नुपर्दछ । विद्यार्थीहरूलाई तिनीहरूका स्वसँग परिचित गराई, मनोवैज्ञानिक वातावरण, लक्ष्यक्षेत्र र अप्ठ्याराबारे बोध गराइदिनुपर्दछ ।


**ख. कार्यक्रम मूल्याङ्कन**

स्टल्फेविम (सन् १९७१) को CIPP Model उद्दृद गर्दै शर्मा एण्ड शर्मा (२०६८) भन्छन् "कुनै पनि कार्यक्रमको लेखाजोखा गर्ने कार्यलाई कार्यक्रम मूल्याङ्कन भनिन्छ ।" शैक्षिक कार्यक्रम र घोषित लक्ष्य तथा उद्देश्यहरूलाई हासिल गरे वा गरेनन भनि लेखाजोखा गर्नु कार्यक्रम मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन ढङ्गले मूल्याङ्कन भएको छ मात्र भनेर पुग्दैन कार्यक्रमको समग्र पक्षको कमी कमजोरी पत्ता लगाइ त्यसलाई निराकरण गर्नुपर्दछ । शैक्षिक कार्यक्रमको मूल लक्ष्य पनि विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गर्नु भएको विद्यार्थी मूल्याङ्कन र कार्यक्रम मूल्याङ्कन कार्यक्रमबीच घनिष्ट सम्बन्ध हुन्छ । विद्यार्थी पनि कार्यक्रम लगानीको एक प्रमुख अङ्ग भएकोले विद्यार्थी मूल्याङ्कनको महत्व प्रसस्त रहेको हुन्छ ।

विद्यार्थी निरन्तर मूल्याङ्कन गर्ने क्रममा मूल्याङ्कनका लागि Stufflebeam's CIPP Modle प्रयोग गर्न सकिन्छ । यसका प्रमुख चार पक्षहरू सन्दर्भ मूल्याङ्कन (C), लगानी मूल्याङ्कन (I), प्रक्रिया मूल्याङ्कन (P) र उत्पादन मूल्याङ्कन (P) रहेका छन् ।

CIPP Modle को नामाकरण यी मूल्याङ्कनहरूको पहिलो अक्षरबाट भएको हो जसलाई निम्नानुसार औल्याइएको छः

C = Context,  I = Input, P = Process, P = Product




उनका अनुसार शैक्षिक कार्यक्रमको मूल उद्देश्य विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गर्नु रहेको हुन्छ । यसमा विद्यार्थीका लागि सम्पूर्ण लगानी भनेको नै शिक्षामा गरिएको लगानी हुन्छ । त्यसैले लगानी उठाउनका लागि प्रक्रियागत मूल्याङ्कन गर्नु पर्छ र विद्यार्थीले शिक्षाको लक्ष्य, उद्देश्य अनुरूप शैक्षिक उपलब्धि हासिल गरेको छ छैन भनी पनि मूल्याङ्कन गर्न आवश्यक छ । तसर्थ सन्दर्भ, लगानी, प्रक्रिया, उत्पादन यी चारवटै पक्षसँग मूल्याङ्कनको घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

विभिन्न शोधपत्र, लेख र रचनाहरूको अध्ययन र विश्लेषण गर्दा सबैको यस शोधकर्तालाई मूल्याङ्कन साथै निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विभिन्न विद्वानका विचारहरू नजिकबाट अवलोकन गर्ने अवसर प्राप्त भएको छ । यसले गर्दा अध्ययनका लागि विषयवस्तुको गहिराइमा पुग्न मद्दत पुगेको छ । यी सामग्रीहरूको अध्ययनबाट शोधकार्य गर्न मार्ग निर्देशन प्राप्त हुन गई अनुसन्धान तथ्यपरक र वस्तुनिष्ठ एवम् विश्वसनीय हुनमा मद्दत पुगेको छ ।

यस अध्ययनले विद्यालयका सरोकारवालाहरमा आफ्ना बालवालिका र विद्यालय प्रति चासो बढ्ने, अभिभावकले बालबालिकाहरूलाई निरन्तर मूल्याङ्कनको कोशिस गर्ने, विद्यालयका प्र.अ., शिक्षक र व्यवस्थापन समितिलाई बालिवालिकाहरूको निरन्तर मूल्याङ्कन नगर्दाको कारणले हुने नोक्सानीका

बारेमा थाहा पाई त्यसको सुधारको पाटोमा बढी से बढी ध्यान जाने भएकोले र खासगरी शैक्षिक गुणस्तरको पाटोमा महत्वपूर्ण सहयोग पुग्न जाने भइएकोले माथि उल्लेखित विभिन्न विद्वान्हरूको लेख रचना र कृतिलाई पुनरावलोकन गर्दै तथ्यपरक बनाउन अध्ययन गरिएको हो । यस अध्ययनले अभिभावकहरूको लागि आ-आफ्नो छोराछोरीहरूलाई नियमित रूपमा विद्यालयमा पठन पाठनमा प्रेरित गर्न सहयोग पुऱ्याउनुका साथै विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्नमा र वालवालिकाहरूलाई स्वावलम्वी र दक्ष वनाउनमा सहयोग पुऱ्याउने देखिन्छ । त्यसै गरी विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा निरीक्षण र सुपरिवेक्षण गर्ने निकायहरूलाई आफ्ना विद्यालयका बालबालिकाहरूले स्तर, अवस्था, पासदर, कक्षा दोहोऱ्याउनेदर लगायतका अवस्थाहरूको समेत जानकारी हुन गई समयमै त्यसको गुणस्तर बृद्धि गराउन सुपरिवेक्षण गर्ने तौरतरिका सुधार पुऱ्याउन पनि मद्दत पुग्ने शोधकर्ताको ठम्याई रहेको छ । समग्रमा भन्नु पर्दा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाले यस शोध अध्ययनलाई तथ्यपरक ढङ्गबाट तार्किक निष्कर्षमा पुऱ्याउन र सैद्धान्तिक विचलन र विषयान्तर हुनबाट बचाएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अध्ययन ढाँचा

कुनै पनि शोधकार्यको विश्वसनीयतता र वैधता त्यस शोधपत्रमा उल्लेखित तथ्याङ्क र सूचनामा आधारित हुन्छ । शोधकर्ताले स्वयम् आफैं नमुना छनोटमा परेका विद्‍यालयहरूमा गई प्रत्यक्ष रूपमा अवलोकन गरी नमुना छनोटमा परेका उत्तरदाताहरूसँग प्रश्नावली भराई प्राप्त गरिएका गुणात्मक तथ्याङ्कलाई विवरणात्मक, व्याख्यात्मक र सङ्ख्यात्मक तथ्याङ्कलाई समन्वयात्मक रूपमा राखी मिश्रित ढाँचामा यो शोधपत्र अगाडि बढाइएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनौट

प्रस्तुत अध्ययनमा ओखलढुङ्गा जिल्ला को सुनकोशी गाउपालिका स्थित कालिका मा.वि सिस्नेरी . स्रोतकेन्द्र भित्र पर्ने ५ ओटा सामुदायिक विद्‍यालयका र त्यससँग सम्बन्धित सरोकारवालाहरू जस्तै प्र.अ., शिक्षक, विद्‍यार्थी, विद्‍यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, स्रोतव्यक्ति र विद्‍यालय निरीक्षक र जि.शि.अ. यस अध्ययनका लागि जनसङ्ख्या मानिएका छन् ।

प्रस्तुत अध्यायनमा नमुना छनौटमा परेका स्रोत केन्द्रको नजिक र टाढा पर्ने गरी पाँचवटा सामुदायिक विद्‍यालयका प्र.अ., शिक्षक,स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, अभिभावकर विद्‍यार्थीलाई उदेष्यमुलक नमुना छनौट विधिको प्रयोग गरी तालिका १ र २ मा दिए बमोजिम नमुना छनौट गरिएको छ ।

**तालिका १ : जनसंख्या र नमुना छनौट**

| क.सं. | जनसंख्याको विवरण | जम्मा जनसंख्या | नमुना छनौट | नमुना छनौट विधि |
|---|---|---|---|---|
| १. | विद्‍यालय | २० | ५ | उदेश्य मूलक विधि |
| २. | वि.व्य.स.अध्यक्ष | २० | ५ | उदेश्य मूलक विधि |
| ३. | शिक्षक | ३० | १० | उदेश्यमूलक विधि |
| ४. | विद्‍यार्थी | १६० | २० | उदेश्य मूलक विधि |
| ५. | अभिभावक | १६० | १० | उदेश्य मूलक विधि |
| ६. | प्र.अ. | ५ | ५ | उदेश्य मूलक विधि |

**स्रोत : स्थलगत अध्यायन,२०७४**

**क. विद्यालय छनोट**

कालिका .मा.वि.सिस्नेरी श्रोत केन्द्रका २० ओटा सामुदायिक विद्यालयहरू मध्येबाट स्रोतकेन्द्रको नजिक र टाढा पर्ने गरी ५ वटा विद्यालय छनोट गरिएको छ। यसको नामावली अनुसूची ९ मा दिइएको छ।

**ख. विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनोट**

नमुनामा परेका ५ वटा विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूलाई स्वतः छनोट गरिएको छ। यसको नामावली अनुसूची ९ मा दिइएको छ।

**ग. प्रधानाध्यापक छनोट**

नमुनामा परेका प्रत्येक ५ ओटा विद्यालयका प्रधानाध्यापकलाई स्वतः छनोट गरिएको छ। यसको नमावली अनुसूची ९ मा दिइएको छ।

**घ. शिक्षक छनोट**

नमुनामा परेका प्रत्येक विद्यालयबाट दुई/दुईजना पर्ने गरी १० जना शिक्षकलाई सुविधाजनक रूपमा छनोट गरिएको छ। यसको नमावली अनुसूची १० मा दिइएको छ।

**ङ. विद्यार्थी छनोट**

नमुनामा परेका प्रत्येक विद्यालयबाट कक्षा एक देखि तीनसम्म प्रत्यक विद्यालयबाट दुई/दुई जना छात्र र छात्रा पर्ने गरी पाँच वटा विद्यालयबाट गोलाप्रथाद्वारा २० जना विद्यार्थी छनोट गरिएको छ। यसको नमावली अनुसूची ११ मा दिइएको छ।

**च. अभिभावक छनोट**

नमुना छनोटमा परेका पाँच विद्यालय मध्येबाट प्रत्येक विद्यालयबाट एकजना पुरुष र एकजना महिला अभिभावक पर्नेगरी पाँच वटा विद्यालयबाट नाम मागी १० जना अभिभावकलाई सुविधाजनक रूपबाट छनोट गरिएको छ। यसको नमावली अनुसूची १० मा दिइएको छ।

**छ. स्रोतव्यक्ति/वि.नि. छनोटः**

नमुनामा परेका स्रोतकेन्द्रको स्रोतव्यक्ति वा वि.नि. लाई अध्ययनमा स्वतः छनोट गरिएको छ। यसको नमावली अनुसूची ९ मा दिइएको छ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सूचना, जानकारी एवम् तथ्याङ्कहरू वस्तुनिष्ठ तथा विश्वसनीय रूपमा प्राप्त गर्न शोधको उद्देश्यको क्रमानुसार निम्नानुसारका अध्ययन साधन र विधिहरू प्रयोग गरिएको छ जसलाई तल तालिका २ मा देखाइएको छ :

**तालिका २ : अध्ययनको साधन र विधि**

| क्र.सं. | उद्देश्य | अध्ययनको साधन | अध्ययनको विधि | स्रोत |
|---|---|---|---|---|
| १. | निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति पहिचान गर्ने । | प्रश्नावली, छलफल निर्देशिका, अवलोकन फारम, रुजुसूची | अर्न्तवार्ता, अवलोकन, छलफल | दस्तावेजहरू, कार्यसञ्चयिका फायल, मूल्याङ्कन फारामहरू, प्र.अ., शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति वि.नि. |
| २. | निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिताको विश्लेषण | अवलोकन फारम, छलफल निर्देशिका | अवलोकन, अर्न्तवार्ता, छलफल एवम् अन्तर्क्रिया | मूल्याङ्कन अभिलेख, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, स्रोतव्यक्ति, वि.नि. |
| ३. | निरन्तर मूल्याङ्कन प्रणालीमा देखिएका समस्याहरु | छलफल निर्देशिका, अवलोकन फारम, प्रश्नोत्तर | लक्षित समूह छलफल, क्षेत्रगत भ्रमण, अन्तर्वार्ता तथा अन्तर्क्रिया | दस्तावेज, प्रअ., शिक्षक, विद्यार्थी अभिभावक स्रोत व्यक्ति, वि.नि. |
| ४. | निरन्तर मूल्याङ्कन प्रणालीमा | छलफल, निर्देशिका अवलोकन | लक्षित समुह छलफल,क्षेत्रगत | दस्तावेज,प्र.अ.,शिक्षक,विद्यार्थी,अभिभावक,स्रोतव्यक्ति,वि.नि.,जि.शि.अ. |

| | | | | |
|---|---|---|---|---|
| | देखिएका समस्या समधानका उपायहरु | फाराम,प्रश नावली | भ्रमण,अन्तर्वार्ता तथा अन्तरकिया | |

स्रोतः स्थलगत अध्यायन २०७४

### ३.४.१ अवलोकन फारम

नमुना छनोटमा परेका विद्यालयमा प्रयोग भैरहेका र निरन्तर मूल्याङ्कन प्रणालीको नीतिगत प्रावधान र विद्यालयमा यसको उपयोगको स्थिति पहिचान गर्ने, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता विश्लेषण गर्ने र निरन्तर मूल्याङ्कन प्रणाली उपयोगमा देखिएको समस्याहरू र ती समस्या समाधान गर्नका लागि नमुना छनोटमा परेको विद्यालयको प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक एवम् विद्यार्थीहरूबाट विविध सूचनाहरू प्राप्त गर्न अवलोकन फाराम विकास गरी अवलोकन गरिएको छ। प्रयोग गरिएको अवलोकन फारम अनुसूचीमा दिइएको छ।

### ३.४.२ छलफल निर्देशिका

विद्यालयले उपयोग गरिरहेको निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा सरोकारवालाहरूको दृष्टिकोण पत्ता लगाउन र समूहसँग छलफल गरिएको छ। लक्षित समूह छलफलको लागि बनाएको लक्षित समूह निर्देशिका अनुसूचीमा दिइएको छ।

### ३.४.३ प्रश्नावली

नमुना छनोटमा परेका विद्यालयमा प्रयोग भएको निरन्तर मूल्याङ्कनको उपयोगको स्थिति पत्ता लगाउन आवश्यक पर्ने सूचना, जानकारी एवम् तथ्याङ्कहरू प्राप्त गर्न अनुसूची २, ३, ४, र ५ बमोजिम विकास गरी प्रयोग गरिएको छ।

### ३.४.४ अन्तरवार्ता

नमुनामा परेको विद्यालयमा कार्यरत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षबाट विद्यालयमा प्रयोग भैरहेको र निरन्तर मूल्याङ्कन परीक्षण अवधिमा मूल्याङ्कनका विभिन्न व्यवस्था र प्रक्रियाका बारेमा

विविध सूचनाहरू प्राप्त गर्न असंरचित अन्तरवार्ता गरिएको छ जसलाई अनुसूची २, ३, ४, र ५ मा राखिएको छ ।

### ३.४.५ क्षेत्रगत भ्रमण र अवलोकन

नमुनामा परेको विद्यालय निरन्तर मूल्याङ्कन प्रणालीको अध्ययन गर्न सम्बन्धित विद्यालयमा गई विद्यालयको प्रशासन, कक्षाकोठा, कक्षा कार्यकलापको भ्रमण र अवलोकन गरी आवश्यक जानकारी एवम् तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.६ छलफल

नमुनामा परेको विद्यालयमा विद्यालयको लक्षित समूहसँग छलफल गरी सूचना, जानकारी एवम् तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू निम्नलिखित दुवै स्रोतबाट प्राप्त गरिएको छ :

### ३.५.१ प्राथमिक स्रोत

प्राथमिक तथ्याङ्कको रूपमा यस अध्ययनमा प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षकसँग प्रश्नावली, विद्यार्थी, अभिभावकसँग लक्षित समूह छलफल साथै वि.नि., स्रोत व्यक्ति र जि.शि.अ.सँगको अन्तरवार्ता, भेटघाट र अवलोकबाट सङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

द्वितीय तथ्याङ्कका रूपमा विद्यालयको तथ्याङ्क, अभिलेख, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रको बुलेटिन, निरन्तर विद्यार्थी कार्यान्वयन पुस्तिका, आधारभूत तह कक्षा (१-८) को निरन्तर विद्यार्थी मूल्याङ्कन स्रोत सामग्री, निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री साथै निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका, शिक्षक तालिम निर्देशिका, प्रशिक्षक तालिम निर्देशिका तथा सम्बन्धित साहित्यको पुनरावलोकनमा प्रयोग गरिएका लेख रचना, कृति र सैद्धान्तिक खाकाबाट द्वितीय तथ्याङ्क लिइएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोध अध्ययनमा प्रयोग गरिएका साधानहरूबाट प्राप्त तथ्याङ्कहरूलाई मिश्रित ढाँचा अपनाई तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषण गर्ने क्रममा तथ्याङ्कको स्वरूप, प्रकृति र आवश्यकता अनुसार तालिकीकरण समेत गरी तथ्याङ्कहरूलाई सबैले बुझ्ने गरी मिश्रित ढाँचामा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल/विश्लेषण

यस अध्ययनको उद्देश्य पूर्तिका लागि निर्माण गरिएका साधन र तय गरिएको विधिहरूको प्रयोग गरी प्राप्त गरिएको सूचना, जानकारी एवम् तथ्याङ्कलाई शोधको उद्देश्य अनुरूप निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति

मूल्याङ्कन भन्नाले पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरूपको ज्ञान, सीप र व्यवहारलाई विद्यार्थीहरूले कति हासिल गरे वा गरेनन् भनेर लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भन्ने बुझिन्छ । निरन्तर मूल्याङ्कन प्रणाली भन्नाले विद्यार्थीहरूको सिकाइ उपलब्धि कति भयो भनेर पटक पटक मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्न भन्ने बुझिन्छ । त्यसकारण निरन्तर मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको वास्तविक कार्यान्वयन परापूर्वकालदेखि नै हुँदै आएको देखिन्छ । पुरानो गुरुकूल शिक्षा प्रणालीमा आफ्ना चेलाहरूले सिकाइको मूल्याङ्कन गुरुबाट नै निरन्तर हुने गर्दथ्यो । तथापी यसप्रकारको मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनेर नामाकरण गरिएको थिएन । नेपालमा वि.सं. २०५६ सालदेखि परीक्षणको रूपमा ५ वटा जिल्लामा लागू गरिएको थियो । पछि २०६३ सालदेखि परिमार्जित पाठ्यक्रम लागू गर्ने क्रममा यसलाई कक्षा १ देखि क्रमश: २०६७ सालसम्ममा कक्षा ५ सम्म लागू भएको अवस्था छ ।

प्रा.वि. तहको कक्षा (१-३) मा नेपाल सरकारले २०६२ सालदेखि आवधिक मूल्याङ्कन प्रणालीको सट्टा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरेको छ । निरन्तर मूल्याङ्कन निर्देशिका २०६८ ले यसको केही नीतिगत प्रावधान पनि औल्याएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीतिका प्रमुख स्रोतहरू प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, तिन वर्षीय अन्तरिम योजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६२-०६७ एवम् तिनको कार्यान्वयनका लागि बनेका निर्देशिकाहरू उपयुक्त दस्तावेजमा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा विभिन्न नीतिगत व्यवस्थाहरू रहेका छन् । सरकारले औल्याएका नीतिगत प्रावधान र नमुना छनोटमा परेको विद्यालयको प्रा.वि. कक्षा (१-३) मा यो पद्धतिको  उपयोगको स्थितिको पहिचानलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३ : श्री पञ्चकन्या मा.वि.सुनकोशी ३**

**सिस्नेरी  मा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति**

| **नीतिगतप्रावधानहरू** | **कार्यन्वयन गरेको वा नगरेको विवरण** |
|---|---|
| कक्षा (१-३) मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ। | निरन्तर मूल्याङ्कन प्रणालीको साथसाथै परीक्षा पनि लिने गरेको । |
| कक्षा (१-३) मा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका आधारमा उद्धार कक्षोन्नती गरिने भएकोले उत्तीर्णाङ्क तोकिएको छैन । | कक्षा (१-३) मा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका आधारमा उद्धार कक्षोन्नती गरिने भएकोले उत्तीर्णाङ्क तोकिएको छ । |
| कक्षा (१-३) मा विद्यार्थीको कार्य सञ्चयिका प्रगति विवरण (Portfolio) फाईलमा राखिने । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिलाई हेरी पुरष्कारको व्यवस्था गरिएको र कार्य सञ्चयिका फायलमा राख्ने गरिएको । |
| कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा विभाजन गरिएको । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा विभाजन नगरिएको । |
| कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गरिने छ । | कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गर्ने प्रयास गरेको छ । |

माथि उल्लेख गरिएको नीतिगत प्रावधान र उपयोगको स्थितिलाई विश्लेषण गर्दा उक्त विद्यालयमा प्रा.वि. तहको कक्षा १-३ मा उदार कक्षोन्नती गर्दा मिश्रित परीक्षा प्रणालीमा आधारित गरिएको पाइयो । त्यसैगरी विद्यार्थीको प्रगति विवरण, कार्य सञ्चयिका फायलमा राखिएको पाइयो । अतः CIPP Model ले भने झैं निरन्तर मूल्याङ्कनलाई सबै पक्षमा गर्ने गरियो भने निरन्तर मूल्याङ्कन पद्धति प्रभावकारी हुने कुरामा आशावादी बन्न सकिन्छ ।

**तालिका ४ : श्री कालिका मा.वि.सुनकोशी गा.पा.३ सिस्नेरी  मा यसको कार्यन्वयनको स्थिति**

| नीतिगत प्रावधानहरू | कार्यन्वयन गरेको वा नगरेको विवरण |
|---|---|
| कक्षा (१-३) मा  निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ । | निरन्तर मूल्याङ्कन प्रणालीको साथसाथै परीक्षा पनि लिने गरेको । |
| दृष्टि क्षमता कमजोर रहेका विद्यार्थीका लागि छुट्टै व्यवस्था गरिने छ । | दृष्टि क्षमता कमजोर रहेका विद्यार्थीका लागि छुट्टै व्यवस्था गरिने प्रयास गरेको । |
| कक्षा (१-३) मा विद्यार्थीको कार्य सञ्चयिका प्रगति विवरण (Portfolio) फाईलमा राखिने । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिलाई हेरी पुरष्कारको व्यवस्था गरिएको र कार्य सञ्चयिका फायलमा राख्ने गरिएको । |
| कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क'  देखि 'ग' श्रेणीमा विभाजन गरिएको । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क'  देखि 'ग' श्रेणीमा विभाजन गरिएको । |
| कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गरिने छ । | कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गर्ने प्रयास गरेको छ । |

माथि उल्लेख गरिएको नीतिगत प्रावधान र उपयोगको स्थितिलाई विश्लेषण गर्दा उक्त विद्यालयमा प्रा.वि. तहको कक्षा १-३ मा उदार कक्षोन्नती गर्दा मिश्रित परीक्षा प्रणालीमा आधारित गरिएको पाइयो । त्यसैगरी दृष्टि कमजोर भएको विद्यार्थीको लागि कक्षामा बसाइ व्यवस्था मिलाइएको पाइयो । अतः CIPP Model ले भने झैं निरन्तर मूल्याङ्कनलाई सबै पक्षमा गर्ने गरियो भने निरन्तर मूल्याङ्कन पद्धति प्रभावकारी हुने कुरामा आशावादी बन्न सकिन्छ ।

**तालिका ५ : श्री सुनकोशी मा.वि बलखु सुनकोशी गा.पा १ . मा निरन्तर मुल्याङ्कन प्रणाली कार्यन्वयनको स्थिति**

| नीतिगत प्रावधानहरू | कार्यन्वयन गरेको वा नगरेको विवरण |
|---|---|
| कक्षा (१-३) मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ । | निरन्तर मूल्याङ्कन प्रणालीको साथसाथै परीक्षा पनि लिने गरेको । |
| प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि र अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षा सञ्चालन गरिने छ । | प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि र अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षा सञ्चालन गरेको छ । |
| कक्षा (१-३) मा विद्यार्थीको कार्य सञ्चयिका प्रगति विवरण (Portfolio) फाईलमा राखिने । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिलाई हेरी पुरष्कारको व्यवस्था गरिएको र कार्य सञ्चयिका फायलमा राख्ने गरिएको । |
| कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा विभाजन गरिएको । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा विभाजन गरिएको । |
| कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गरिने छ । | कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गर्ने प्रयास गरेको छ । |

माथि उल्लेख गरिएको नीतिगत प्रावधान र उपयोगको स्थितिलाई विश्लेषण गर्दा उक्त विद्यालयमा प्रा.वि. तहको कक्षा १-३ मा उदार कक्षोन्नती गर्दा मिश्रित परीक्षा प्रणालीमा आधारित गरिएको पाइयो । त्यसैगरी कमजोर विद्यार्थीका लागि थप कक्षा सञ्चालन नगरेको पाइयो । अतः थर्न डाइकका अनुसार नियमित अभ्यास गर्दा गलत सिकाइलाई सुधार गरी सहि सिकाइलाई पुरस्कृत गर्ने गऱ्यो भने निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता राम्रो हुन्छ ।

**तालिका ६ : श्री बलखु मा.वि.बलखु सुनकोशी गा.पा २ बलखु मा**

**निरन्तर मुल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति**

| **नीतिगत प्रावधानहरू** | **कार्यन्वयन गरेको वा नगरेको विवरण** |
| --- | --- |
| विद्यार्थीको नियमित उपलब्धि जानकारी अभिभावकले पाइरहने छन् यसका लागि शिक्षकलाई जिम्मेवार बनाइनेछ । | उक्त विद्यालयमा विद्यार्थीको उपलब्धि नियमित अभिभावकलाई जानकारी नगाराइएको पाइयो । |
| प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि र अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षा सञ्चालन गरिने छ । | प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि र अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षा सञ्चालन गरेको छैन । |
| प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइएको । | प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही नबनाइएको । |
| कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई ‘क’ देखि ‘ग’ श्रेणीमा विभाजन गरिएको । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई ‘क’ देखि ‘ग’ श्रेणीमा विभाजन नगरिएको । |
| कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गरिने छ । | कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गर्ने प्रयास गरेको छ । |

माथि उल्लेख गरिएको नीतिगत प्रावधान र उपयोगको स्थितिलाई विश्लेषण गर्दा उक्त विद्यालयमा प्रा.वि. तहको विद्यार्थीको उपलब्धिलाई नियमित रूपमा अभिभावकलाई जानकारी नगराइएको पाइयो । कक्षा १-३ मा विद्यार्थीको श्रेणी विभाजन गर्दा ‘क’ देखि ‘ग’ श्रेणीमा विभाजन नगरिएको पाइयो । अतः थर्न डाइकका अनुसार नियमित अभ्यास गर्दा गलत सिकाइलाई सुधार गरी सहि सिकाइलाई पुरस्कृत गर्ने गऱ्यो भने निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता राम्रो हुन्छ ।

**तालिका ७ : श्री सरस्वती प्रा.वि.डाडागाउ  निरन्तर मुल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति**

| नीतिगत प्रावधानहरू | कार्यन्वयन गरेको वा नगरेको विवरण |
|---|---|
| कक्षा (१-३) मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ । | निरन्तर मूल्याङ्कन प्रणालीको साथसाथै परीक्षा पनि लिने गरेको । |
| कक्षा १-३ मा विद्यार्थीहरूको लागि उत्तीर्णाङ्क तोकिएको छैन । | कक्षा १-३ मा विद्यार्थीहरूको लागि उत्तीर्णाङ्क तोकिएको छैन । |
| प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइएको । | प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइएको । |
| कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई ‘क’ देखि ‘ग’ श्रेणीमा विभाजन गरिएको । | कक्षा (१-३) मा विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरूलाई ‘क’ देखि ‘ग’ श्रेणीमा विभाजन नगरिएको । |
| कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गरिने छ । | कार्य सञ्चयिका फाईललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहार अवलोकन, हाजिरी आदिको माध्यमले अध्यावधिक गर्ने प्रयास गरेको छ । |

माथि उल्लेख गरिएको नीतिगत प्रावधान र उपयोगको स्थितिलाई विश्लेषण गर्दा उक्त विद्यालयमा प्रा.वि. तहको विद्यार्थीको उपलब्धिलाई नियमित रूपमा अभिभावकलाई जानकारी नगराइएको पाइयो । कक्षा १-३ मा विद्यार्थीहरूको लागि उत्तीर्णाङ्क नतोकिएको पाइयो । अतः थर्न डाइकका अनुसार नियमित अभ्यास गर्दा गलत सिकाइलाई सुधार गरी सहि सिकाइलाई पुरस्कृत गर्ने गऱ्यो भने निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता राम्रो हुन्छ ।

### ४.१.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान स्थिति

प्राथमिक तह अन्तर्गत विशेष गरी कक्षा (१-३) मा निरन्तर विद्यार्थी मूल्याङ्कन, परीक्षा प्रणाली, मिश्रित र आवश्यकता अनुसार कुन पद्धति प्रयोग गरिएको छ भन्ने जिज्ञाशामा नमुना छनोटमा परेका विद्यालयबाट प्राप्त अभिमतलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ८ : निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान अवस्था

| क्र.सं. | विद्यालयको नाम | प्र.अ. | शिक्षक | निरन्तर मूल्याङ्कन प्रणाली अपनाउने | आवधिक परीक्षा प्रणाली अपनाउने | मिश्रित प्रणाली अपनाउने |
|---|---|---|---|---|---|---|
| १ | तामाकोशी जनजागृती | 🗁 | 🗎 | 🗁 | | 🗎 |
| २ | शारदा | 🗁 | 🗎 | 🗁 | | 🗎 |
| ३ | मनकामना | 🗁 | 🗎 | 🗁 | 🗁 | 🗁 |
| ४ | हरिसिद्धि | 🗁 | 🗎 | 🗁 | 🗁 | 🗁 |
| | सिकाल | 🗁 | 🗎 | 🗀 | 🗁 | 🗎 |
| जम्मा | | 🗄 | 🗁🗀 | 🗐 | 🗏 | 🖰 |
| &✾●♦⌘♦ | | | | 🗎🖮 | 🗎🗀 | 🗄🗏 |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका विश्लेषण गर्दा नमुना छनोटमा परेका विद्यालयका ५ प्र.अ. र १० शिक्षकबाट दिएको प्रतिक्रिया अनुसार पुरानै परीक्षा प्रणालीमा अपनाउने गरेको भन्नेमा २० प्रतिशत ले र मिश्रित परीक्षा प्रणाली अपनाउनेमा ५३ प्रतिशतले व्यक्त गरेको पाईयो । यसरी हेर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अङ्गाले पनि परम्परागत प्रणालीलाई त्याग्न सकिराखेका भने देखिंदैन ।

### ४.१.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अनुगमन

विद्यार्थीको सिकाइ सक्षमता के कति प्राप्त भयो भनेर जानकारी लिन परीक्षा लिएर मात्र पुग्दैन । यसका लागि अनुगमनलाई पनि कडाइका साथ लागू गर्नु पदछ । प्रावि तहमा हुने गरेको मूल्याङ्कन प्रणालीको अनुगमन स्थितिलाई तलको तालिका ४ मा देखाइएको छ ।

तालिका ९ : निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अनुगमन स्थिति

| क्र.सं. | उत्तरदाता | उत्तरदाता सङ्ख्या | अनुगमन हुने गरेको छ | अनुगमन हुने गरेको छैन | थाहै छैन |
|---|---|---|---|---|---|
| १ | प्र.अ. | ५ | ४(८०%) | १(२०%) | |
| २ | शिक्षक | १० | ८ (८०%) | २ (२०%) | |
| ३ | वि.व्य.स. अध्यक्ष | ५ | ४(८०%) | १ (२०%) | |
| ४ | अभिभावक | १० | ८ (८०%) | २ (२०%) | |
| ५ | स्रोतव्यक्ति | १ | १(१००%) | | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार नमुना छनोटमा परेको ५ विद्यालयको ५ जना प्र.अ. १० जना शिक्षक ५ जना वि.व्य.स. अध्यक्ष १० जना अभिभावकका साथै स्रोतव्यक्तिको प्रतिक्रिया अनुसार माथिल्लो निकायबाट समय, समयमा निरन्तर मूल्याङ्कन प्रणालीको अनुगमन गरिएको भन्ने अभिमत बढी पाईयो । अनुगमनका नाममा अनुगमन भएजस्तो मात्र गर्दा परिवर्तन अपेक्षा अनुरूप हुन सकेको छैन ।

विद्यार्थी मूल्याङ्कन तरिका विद्यमान पाठ्यक्रम २०६१ अनुसार ठीक ढङ्गबाट भएनभएको माथिल्लो निकायबाट गरिएको अनुगमनको अवस्था अध्ययन गर्दा अनुगमन भएको विद्यालयको सङ्ख्या बढी रहेको र निरीक्षण पुस्तिकामा राय सुझाव सल्लाह उल्लेख नगरेको पाइयो ।

### ४.१.३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सफल पार्ने तरिकाको प्रयोग

निरन्तर मूल्याङ्कन प्रणाली सफल बनाउन प्रयोग गरिएका उपायहरू बारेमा नमुना छनोटमा परेका प्र.अ. र शिक्षकले दिएको प्रतिक्रियालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १० : निरन्तर विद्यार्थी मूल्याङ्कन सफल पार्ने तरिका**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | केही गरिएको छैन | ८ | ५३ |
| २ | यो प्रणाली कार्यन्वयन गर्न केही गरिएको छ | ७ | ४७ |
| | **जम्मा** | **१५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका १० लाई विश्लेषण गर्दा प्र.अ. र शिक्षकहरूको प्रतिक्रियाबाट निरन्तर विद्यार्थीको मूल्याङ्कन प्रणाली सफल पार्ने तरिकाको प्रयोग नगरेको अवस्थाको प्रतिक्रिया बढी पाइयो भने निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएको छ भन्ने प्रतिक्रिया छलफल र प्रश्नावलीबाट पुष्टि भयो । यस्तो अवस्तालाई परिवर्तन गरेर शैक्षिक क्षति कम गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रयोगमा ल्याउनु पर्दछ ।

### ४.१.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने तरिका

निरनन्तर मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने तरिकामा नमुना छनोटको विद्यालयको ५ प्र.अ., ५ वि.व्य.स. अध्यक्ष, १० शिक्षक, १० अभिभावक एक स्रोत व्यक्ति वा वि.नि. गरी जम्मा ३२ जनालाई अभिमतका लागि छनोट गरिएको छ । उक्त प्रतिक्रिया तल तालिका ११ मा देखाइएको छ ।

तालिका ११ : निरन्तर मूल्याङ्कन प्रणालीलाई सफल रूपमा कार्यन्वयन गर्ने उपायहरू

| क्र. सं. | गर्नुपर्ने प्रयास | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शिक्षक | अभिभावक | स्रोतव्यक्ति/ वि.नि. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षकलाई तालिम दिनुपर्दछ । | ३ | ३ | ६ | ७ | १ | २१ | ६५ |
| २ | शिक्षक दरबन्दी बढाउनुपर्दछ । | | | | १ | | १ | ३ |
| ३ | भौतिक साधन थप्नुपर्दछ । | १ | १ | २ | १ | | ५ | १६ |
| ४ | लगनशील र इमान्दार प्रयास भए पुग्छ । | १ | १ | २ | १ | | ५ | १६ |
| | **जम्मा** | ५ | ५ | १० | १० | १ | | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिकालाई विश्लेषण गर्दा निरन्तर मूल्याङ्कन प्रणालीलाई सफल रूपमा उपयोगमा ल्याउन शिक्षकलाई तालिम दिनुपर्दछ भन्ने प्रतिक्रिया बढी ६५ प्रतिशत प्राप्त भयो भने शिक्षक दरबन्दी थप्नुपर्दछ भन्ने प्रतिक्रिया सवैभन्दा कम भएकाले शिक्षकलाई तालिम दिएर लगनशील र पेसाप्रति जिम्मेवार बनाउन सकेको खण्डमा निरन्तर मूल्याङ्कन प्रणालीमा सुधार आउने देखिन्छ ।

## ४.२ निरन्तर मूल्याङ्कनको प्रभावकारिताको विश्लेषण

परम्परागत रूपमा सञ्चालन हुदैआएको सावधिक परीक्षाबाट हुने मूल्याङ्कन प्रणालीको विकल्पका रूपमा अघि सारिएकोले समयममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिता के-कस्तो छ भनी पत्ता लगाउने क्रममा नमुना छनोटमा परेका उत्तरदाताहरूको प्रतिक्रियालाई तल औंल्याइएको छ ।

### ४.२.१ प्र.अ. को दृष्टिकोण

नमुना छनोटमा परेको पाँचवटा प्र.अ.ले निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा राम्ररी थाहा पाइएको कुरा जानकारी गराउनु भयो । यसलाई विद्यालयले हाल सरकारले व्यवस्था गरे अनुसार निरन्तर मूल्याङ्कन पद्दति कार्यन्वयन गर्नु पर्ने आवश्यकता भए पनि शिक्षकले झन्जट मान्ने र तालिममा सिकेका कुरा प्रयोग गर्न नमान्ने हुदाहुदै पनि दबावका कारण पहिलेको तुलनामा ७५% कार्यन्वयनमा सफल भएको कुरा बताएका छन ।

### ४.२.२ शिक्षकको दृष्टिकोण

नमुना छनोटमा परेका विद्यालयको १० जना शिक्षकको अभिमत बुझ्दा निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा थाहा पाइएको अवस्था रहेछ तर यसलाई व्यवहारिक रूपमा प्रयोग गर्न खोज्दा कताकता समयको अपुग हुने खर्च पनि बढी लाग्ने हुँदा आवश्यकता अनुसार आवधिक परीक्षा प्रणाली र निरन्तर मूल्याङ्कन प्रणाली दुवैलाई अपनाउने गरेको पाँचजनाले, तीन जनाले प्रयाग गर्न झन्झट हुने भने बाँकी दुईजनाले परीक्षा प्रणाली नै सजिलो छ भन्ने अभिमत दिएको पाइयो । यसरी हेर्दा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन कहीँ कतै समस्या देखा परेको कुरा शिक्षकहरूले प्रतिक्रिया दिएका छन् ।

### ४.२.३ वि.व्य.स. अध्यक्षको दृष्टिकोण

नमुना छनोटमा परेको ५ विद्यालयको ५ जना अध्यक्ष मध्येबाट निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा स्पष्ट रूपमा थाहा भएको कुरा बताउनु भयो यसको प्रभावकारिताको बारेमा बताउने क्रममा शिक्षकको काम नै विद्यालयमा गएर पढाउने निरन्तर पृष्ठपोषण दिने र विद्यार्थीका कमीकमजोरी सुधार गर्ने भएकाले निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा शिक्षकलाई थाहा हुनु पर्दछ । त्यसैले हामीले समयसमयमा शिक्षकलाई तालिममा पठाउने गरेका छौ तर यसलाई प्रयोग गर्ने समय आएपछि शिक्षक बढी झन्जट मान्ने गरेको तैपनि  निरन्तर मूल्याङ्कन प्रणाली कार्यन्वयनमा जोड दिएका छौ ।

### ४.२.४ अभिभावकको दृष्टिकोण

नमुना छनोटमा परेको ५ विद्यालयको १० जना अभिभावकबाट बुझ्दा निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा भरखर बुझ्दै आएको भन्ने प्रतिक्रिया पाईयो । यस प्रणाली अपनाउँदा विद्यार्थीहरू घरमा आएर गृहकार्य गर्ने  काममा बढी सक्रिय देखिदा रहेछन् । त्यसैले यसलाई निरन्तरता दिने हो भने केटाकेटीलाई पढपढ भनेर भनिरहनु नपर्ने जाँचमा फेल नहुने हुँदा हरेक क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुँदा रहेछन भन्ने प्रतिक्रिया बढी अभिभावकको पाइयो भने परीक्षा प्रणालीका साथसाथै निरन्तर मूल्याङ्कन प्रणालीको महत्व रहेको प्रतिक्रिया दिएका छन्   ।

### ४.२.५ श्रोत व्यक्तिको दृष्टिकोण

निरन्तर मूल्याङ्कन प्रणाली कक्षा (१-३) सम्म १०० प्रतिशत नै को आधारमा नै उदार कक्षोन्नती गर्नुपर्ने नीतिगत व्यवस्था छ । यही व्यवस्था अनुरूप हामी विद्यालयमा सययसमयमा तालिम छलफल, गोष्ठी, सेमिनार गरी सल्लाह सुझाव दिने गरेका छौँ । यसमा कतिपय विद्यालयले निरन्तर मूल्याङ्कन

प्रणालीलाई अपनाउने गरेका छन् कतिपयले अपनाउने गरेका छैनन् । तर यस प्रणाली अपनाउँदा विद्यार्थी विद्यालय छाडने सङ्ख्या कम हुने कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या पनि कम हुने प्रतिक्रिया व्यक्त गरेका छन् । यसका लागी हामीले समय समयमा निरिक्षण गर्दै आएको कुरा बताएका छन ।

### ४.२.६ विद्यार्थीको दृष्टिकोण

नमुना छनोटमा परेको ५ विद्यालयको २० जना विद्यार्थीहरू मध्येबाट निरन्तर मूल्याङ्कन प्रणालीबाट शिक्षण गर्दा हामीलाई पढ्न सजिलो भएको र हामीले नबुझ्केका कुरा शिक्षकले छिटो भन्दा छिटो सुधार गर्ने मौका दिनु हुन्छ भने राम्रो काम गरेमा पुरस्कृत गरेको देख्दा खुसी पनि लाग्छ अनि परीक्षामा कोही पनि फेल नहुँने हुँदा फेल देखि डर नलागेको कुरा बतोएका छन् ।

### ४.२.७ वि.नि.को दृष्टिकोण

हामीले समय समयमा शिक्षकहरुलाई तालिम,गोष्ठी,सेमिनारमा सहभागी गराएका छौ ।तालिममा सिकेका कुरालाई कक्षाकोठामा प्रयोग गर्न दबाव दिएका छौ । प्रत्यक विद्यालयमा अनुगमन गरी कार्यन्वयनमा जोड दिएका छौ ।

### ४.२.८ जि.शि.अ.को दृष्टिकोण

मासिक रुपमा स्रोतव्यक्तिलाई प्रत्यक विद्यालय पुगी निरिक्षण गर्ने जि.शि.का.मा प्रतिवेदन पेश गर्न निर्देशन गरेका छौ । म आफै पनि यस जिल्लाका धेरै विद्यालयसम्म पुगेको छु । धेरैजसो विद्यालयमा सफल रुपमा कार्यन्वयन भएको कुरा बताएका छन ।

## ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयन गर्ने क्रममा आइपरेका मुख्य समस्याहरू

### ४.३.१ निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरू

निरन्रत मूल्याङ्कन प्रणाली लागू गर्ने क्रममा देखिएको समस्यालाइ नमुना छनोटमा परेका उत्तरदाताहरूले व्यक्त गरेको अभिमत तल तालिकामा देखाइएको छ ।

तालिका १३ : निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयनमा देखिएका समस्याहरू

| क्र.स. | उत्तरदाताले बताएका समस्याहरू | प्र.अ. | शिक्षक | वि.व्य.स. अध्यक्ष | अभिभावक | विद्यार्थी | स्रोत व्यक्ति/विनि |
|---|---|---|---|---|---|---|---|
| १ | समयको अभाव | | | | | | |
| २ | पुनर्ताजकी तालिको अभाव | ३ | ५ | | १ | | |
| ३ | सहयोगको अभाव | | १ | १ | १ | २ | |
| ४ | पुरानो प्रणालीमा अभ्यस्त बानि | १ | | २ | २ | | |
| ५ | नयाँ प्रणाली लागू गर्न गाह्रो | | | | १ | | |
| ६ | नीतिगत अन्यौल | | | | | | |
| ७ | झन्झट मान्ने प्रवृति | | | | ३ | | |
| ८ | अव्यवहारिक | | | | | | |
| ९ | लाभप्रद नठानिएको | | | १ | | | |
| १० | आर्थिक अभाव | १ | १ | १ | १ | ५ | |
| ११ | प्रतिबद्धताको कमी | | | | १ | | |
| १२ | भौतिक अवस्थाको अभाव | | | | | ५ | |
| १३ | नियमित बैठक नबस्नु | | | | | | |
| १४ | अभिभावक भेला नगराउनु | | | | | | |
| १५ | पाठ्यक्रमको अध्ययन नगर्नु | | | | | ६ | |
| १६ | दैनिक पाठ योजना नबनाउनु | | | | | | |
| | **जम्मा** | **५** | **५** | **५** | **१०** | **२०** | **१** |

***स्रोत : स्थलगत अध्ययन २०७***

माथिको तालिकालाई, विश्लेषण गर्दा नमुना छनोटमा परेको ५ विद्यालयका १ जना स्रोतव्यक्ति, ५ जना प्र.अ., १० जना शिक्षक, १ जना वि.व्य.स. अध्यक्ष, २० जना विद्यार्थी, १० जना अभिभावकबाट निरन्तर मूल्याङ्कन प्रणाली उपयोगको क्रममा आइपर्ने समस्याहरूको बारेमा बुझ्दा ५ जना प्र.अ.

मध्ये समयको अभावमा १ जना सहयोगको अभावमा १ जना र झन्झट मान्ने प्रवृत्तिमा ३ जनाले आफ्नो अभिमत दिएका छन् ।

त्यसैगरी शिक्षक मध्येबाट पुनर्ताजगी तालिमको अभाव ५ जनाले, सहयोगको अभावमा १ जनाले, झन्झट मान्ने प्रवृत्तिमा ३ जनाले र आर्थिक अभावले २ जनाले आफ्नो अभिमत दिएका छन् । वि.व्य.स. का अध्यक्ष मध्ये बढीले पुरानो प्रणालीमा अभ्यस्त बानी भन्ने अभिमत दिएका छन भने केहीले आर्थिक अवस्था कमजोर र भौतिक अवस्था कमजोर भएको अभिमत दिएका छन् । त्यसैगरी स्रोतव्यक्तिले शिक्षकहरू झन्झट मान्ने हुँदा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउँदा समस्या आइपरेको कुरा व्यक्त गरेका छन् । यसरी समग्रमा हेर्दा सरोकारवाला निकायहरू आ-आफ्नो जिम्मेवारीबाट नपन्छिएदेखि यस्ता खालका समस्याहरू नदेखिने कुरा स्पष्ट हुन्छ ।

### ४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा देखिएका समस्या समाधानका उपायहरू

भनिन्छ जहाँ समस्या हुन्छ त्यहाँ समस्याको समाधान पनि पक्कै हुन्छ । समस्यालाई केवल समस्याको रूपमा मात्र नलिई कसरी समाधान गर्न सकिन्छ उपायको खोजी गर्नु बुद्धिमानी हुन्छ । सरकारले लागू गरेको निरन्तर मूल्याङ्कन सम्बन्धी व्यवस्थामा पनि विद्यालय स्तरमा कार्यान्वयनको समयमा समस्या देखा परेका छन् जसलाई शिक्षण संस्थासँग सम्बन्धित सबै सरोकारवालाहरूले विचार पुऱ्याइ काम गरेमा समस्या समाधान हुने  देखिन्छ । नमुना छनोटमा परेको ५ वटा सामुदायिक विद्यालयको प्रा.वि. तहको कक्षा १-३ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोगमा देखिएका समस्याहरूलाई उत्तरदाताहरूले दिएको राय, सल्लाह तथा समाधानको उपाय तल तालिका १४ मा देखाइएको छ ।

तालिका १४ : निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा देखिएका समस्या समाधानका उपायहरू

| क्र.स. | उत्तरदाताले बताएका उपायहरू | प्र.अ. | शिक्षक | वि.व्य.स. अध्यक्ष | अभिभावक | विद्यार्थी | स्रोत व्यक्ति/विनि |
|---|---|---|---|---|---|---|---|
| १ | सरोकारवालाहरू बिच समन्वय गर्नुपर्ने | | | | | | |
| २ | पुनरताजकी तालिको व्यवस्था | ३ | ५ | | १ | | |
| ३ | सहयोगी भावनाको विकास | | १ | १ | १ | २ | |
| ४ | नयाँ प्रणाली अपनाउनु पर्ने बानी बसाल्नु पर्ने | १ | | २ | २ | | |
| ५ | नयाँ प्रणाली लागू गर्न सहज रूपमा लिनु पर्ने | | | | १ | | |
| ६ | नीतिगत स्पष्टता | | | | | | |
| ७ | झन्झट मान्न नहुने | | | | ३ | | |
| ८ | व्यवहारिक रूपमा प्रयोग गर्नु पर्ने | | | | | | |
| ९ | लाभप्रद ठान्नु पर्ने | | | १ | | | |
| १० | आर्थिक अवस्थाको सुदृढ गर्नु पर्ने | १ | १ | १ | १ | ५ | |
| ११ | प्रतिबद्धता अठोट | | | | १ | | |
| १२ | भौतिक अवस्थाको सुदृढ गर्नु पर्ने | | | | | ५ | |
| १३ | नियमित बैठक बस्नु पर्ने | | | | | | |
| १४ | अभिभावक भेला गराउनु पर्ने | | | | | | |
| १५ | पाठ्यक्रमको अध्ययन गर्नु पर्ने | | | | | ६ | |
| १६ | दैनिक पाठ योजना बनाउनु पर्ने | | | | | | |
| १७ | पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने | | | | | | |
| | **जम्मा** | **५** | **५** | **५** | **१०** | **२०** | **१** |

*स्रोत : स्थलगत अध्ययन २०७४*

माथिको तालिका १४ लाई विश्लेषण गर्दा नमुना छनोटमा परेको ५ विद्यालयका १ जना स्रोतव्यक्ति, ५ जना प्र.अ., १० जना शिक्षक, १ जना वि.व्य.स. अध्यक्ष, २० जना विद्यार्थी, १० जना

अभिभावकबाट निरन्तर मूल्याङ्कन प्रणाली उपयोगको क्रममा आइपर्ने समस्या समाधानका उपायहरू बुझ्दा शिक्षकलाई तालिम दिनु पर्छ भन्ने प्रधानाध्यापकको प्रतिक्रिया बढी पाइयो । भने शिक्षक मध्येबाट पुरस्कार र दण्डको व्यवस्था गऱ्यो भने अझ बढी प्रभावकारी हुने थियो भन्ने प्रतिक्रिया पाइयो । वि.व्य.स. अध्यक्ष मध्येबाट आर्थिक सहयोग बढाउनु पर्छ र स्रोतव्यक्तिका अनुसार काम गर्ने प्रतिबद्धताको अठोट शिक्षकहरूले गर्नु पर्ने तत्कालिन आवश्यकता हो । यसो गरेको खण्डमा निरन्तर मूल्याङ्कन प्रणालीमा प्रभावकारिता बढ्ने कुरामा कुनै शंका छैन भन्ने अभिमत पाइयो ।

यसरी समग्रमा हेर्दा निरन्तर मूल्याङ्कन प्रणालीमा देखिएका समस्याहरूलाई सबै पक्षले आ-आफ्नो ठाउँबाट जिम्मेवारी बहन गर्ने हो भने पक्कै पनि प्राथमिक विद्यालयको १-३ मा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने थियो ।

# परिच्छेद-पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

प्रभावकारी शिक्षण सिकाइ नै गुणस्तरीय शिक्षाको आधार हो । शिक्षण उद्‌देश्य शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया प्रभाावकारी शिक्षण सिकाइका अभिन्न अङ्गहरू हुन् । तसर्थ शिक्षण सिकाइसँग मूल्याङ्कन, क्रियाकलाप पनि सञ्चालन गर्नुपर्दछ । प्रभावकारी मूल्याङ्कनका नविनतमशैली, विद्‌यार्थीको सर्वपक्षीय मूल्याङ्कन गर्ने तरिका तथा निरन्तर रूपमा गरिने मूल्याङ्कन प्रणालीलाई कार्यान्वयनमा ल्याउनु अनिवार्य भएको छ । परिवर्तित परिवेश र पाठ्‌यक्रम अनुसार विषयवस्तुहरू पनि जटिल बन्दै जाने तथा त्यसको व्यवस्थापनको अभावमा तल्लो तह कमजोर हुँदै गयो भने माथिल्लो तहसमेत कमजोर हुँदै जाने भएकाले उचित मूल्याङ्कन र व्यवस्थापनका लागि प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएको हो ।

नेपालको सन्दर्भमा निरन्तर विद्‌यार्थी मूल्याङ्कनको आवश्यकता दिन प्रति दिन खड्किँदै गइ रहेको छ । नेपाल सरकारले २०६३ देखि प्राथमिक तहको कक्षा १-३ सम्म लागू गरेको विद्‌यार्थी मूल्याङ्कनलाई फलदाइ बनाउनु परेको छ । विशेष गरी कक्षा दोहोर्‍याउने, बिचैमा पढाइ छाड्ने, विद्‌यार्थीहरूको सङ्ख्या अधिक मात्रामा रहेको छ । यस्तो परिस्थिति आउन नदिन विद्‌यार्थीको निरन्तर मूल्याङ्कन गरी उपचरात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यस प्रकारको क्षतिलाई न्यून गर्न सकिन्छ ।

तीन वर्षीय अन्तरीम २०६४/०६५-०६६/०६७ योजनाले चरणबद्ध रूपमा कक्षा १ देखि ७ सम्म तोकिएको सिकाइ उपलब्धि सुनिश्चित गरी उढार कक्षा उन्नति व्यवस्था लागू गर्ने र यसो गर्दा विद्‌यार्थीको उपलब्धि हासिल गराउन विद्‌यालयको शिक्षण सिकाइमा सुधार गर्ने परिपाटी विकास गर्न विद्‌यालयलाई सहयोग प्रदान गर्ने प्रावधान रहे पनि रहेपनि कक्षा १-३ सम्म नमुना छनोटमा परेको विद्‌यालयमा पुर्णः रूपमा निरन्तर मुल्याङ्कन प्रणाली प्रयोग गरी मिश्रित परीक्षा प्रणाली अपनाइएको पाइयो । अधिकांश प्र.अ. हरूको भावना बुझ्दा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन शिक्षकहरू झन्झट मान्ने गर्छन् तर पनि लामो समय भैसकेकाले पुर्ण रुपमा यसको कार्यन्वयन भइसकेको र यसको साथै आवधिक परिक्षा पनि लिने गरेको पाइयो । विद्‌यार्थीको उपलब्धि नियमित रूपमा अभिभावकलाई जानकारी गराउनु पर्ने व्यवस्था विद्‌यालय क्षेत्र सुधार कार्यक्रम २०६७-०७२ मा उल्लेख गरेको भएतापनि अधिकांश विद्‌यालयको अभिभावकहरू आफू यस कुरामा अनविज्ञ रहेको बताएका

छन् । यसै गरी प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि स्तर बढाउन थप कक्षा सञ्चालन गर्नु पर्ने व्यवस्था भएपनि थोरै विद्यालयले मात्र यस कुरामा चासो देखाएको स्थलगत अध्ययनबाट थाहा पाइयो । विशेष आवश्यकता भएको विद्यार्थीका लागि विद्यालयमा पढ्ने, बस्ने अतिरिक्त भवन निर्माणमा नै समावेशी तरीका अपनाउनु पर्ने भएतापनि तामाकोशी जनजनगृति उच्च मा.वि. ले प्रयास गरेको देखिएतापनि अरु विद्यालय यस कुरामा मौन रहेको देखिन्छ । विद्यार्थीले गरेका परियोजना कार्य, सामुदायिक कार्य, हाजिरी, गृहकार्य आदि साधनहरू प्रयोगमा ल्याई मूल्याङ्कन गर्ने नीतिगत व्यवस्था भए बमोजिम सबै विद्यालयले सम्बन्धित सुचाङ्कको प्रयोग गरी रेकर्ड राख्ने प्रयास गरेको देखियो ।

निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता विश्लेषण गर्दा प्र.अ. को दृष्टिकोणमा यो प्रणालीको बारेमा स्पष्ट जानकारी भएको तर शिक्षकहरू प्रयोग गर्न झन्झट मान्ने र सही मार्गदर्शन नहुँदा पनि यस्तो समस्या आइरहने कुरा बताउनु भयो । निरन्तर मूल्याङ्कन अपनाउँदा समयको अभाव, आर्थिक स्रोतको अभाव, उपयुक्त सीप र दक्षताको अभाव हुने जस्ता विभिन्न खाले समस्या देख्ने गरेको पाइयो । बढी मात्रामा शिक्षकहरूको भनाइमा समयको अभाव हुने अभिमत पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीलाई कार्यान्वयनमा ल्याउन जि.शि.का. तथा स्रोतकेन्द्रबाट तालिम सञ्चालन गराएको पर्याप्त नभएको हुँदा कसरी निरन्तर मूल्याङ्कन गर्ने, विद्यार्थीको उपलब्धिलाई कसरी रेकर्ड राख्ने, विद्यार्थीको व्यवहारको अध्ययन कसरी गर्ने, विद्यार्थीको स्तर निर्धारण कसरी गर्ने भन्ने कुरामा शिक्षकहरू अन्यौलमा रहेको कुरा सूचना तथा तथ्याङ्कको विश्लेषणबाट थाहा पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन ल्याउनको लागि राष्ट्रिय कार्य नीति स्पष्ट गर्नु पर्ने, भौतिक साधनको व्यवस्था गर्नु पर्ने, काम गर्नु पर्ने प्रतिबद्धता जाहेर गर्नु पर्ने, शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने, राम्रो गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्नु पर्ने देखिन्छ । स्रोतव्यक्तिले बारम्बार निरन्तर मूल्याङ्कन प्रणालीबाट गराउने पर्ने सुझाव दिँदा पनि विद्यालयले आलटाल गरी मिश्रित प्रणालीको आधारमा उदार कक्षोन्नती गरेको पाइयो ।

नमुना छनोटमा परेका विद्यालयको प्र.अ., शिक्षक, स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवालाहसँग गरिएको प्रत्यक्ष स्थलगत अध्ययन, छलफल, अन्तर्वार्ता र अवलोकनबाट नेतृत्वको मार्गलक्ष्य सिद्धान्त अन्तर्गतका निर्देशनात्मक नेतृत्व शैलीको तुलनामा

समन्वयात्मक सहभागिमूलक र उपलब्धिमूलक नेतृत्वशैली बढी प्रभावकारी भएको यस निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्दा बढी सफल हुने देखिएको छ । तर नमुना छनोटमा परेका विद्यालयको कार्यन्वयनको स्थिति हेर्दा गरे गर नगरे नगर भनेको जस्तो पनि देखियो । त्यसमा पनि कुनै पनि प्रकारको कारवाही नगरेको देखियो । अतः निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गर्न बढी शिक्षकहरू नै झन्झट मान्ने, स्पष्ट ज्ञान, सीप र क्षमताको अभावका कारण पन्छिने गरेको भएपनि जि.शि.का.र विद्यालयको दबावमा सबै शिक्षकले निरन्तर मुल्याङ्कन प्रणालीको कार्यन्वयनमा जोड दिएको कुरा निष्कर्षमा प्राप्त भयो ।

## ५.२ सुझावहरू

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली Holistics Approach मा आधारित भएकाले विद्यार्थीको सामाजिक, भौतिक, संवेगात्मक लगायत सर्वपक्षीय विकासको अवस्था मूल्याङ्कन गर्नका लागि यो प्रणालली उपयुक्त छ । निरन्तर मूल्याङ्कन निर्माणवादमा आधारित भएकाले यसले विद्यार्थीको अन्तरनिहित क्षमतामा विकास गर्नु र सिर्जनशील बन्न अवसर प्रदान गर्दछ ।

अध्ययनको क्रममा अध्ययन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँग अध्ययन र छलफल गरी प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न र उपलब्धि मापनमा यसको प्रभावकारिता ल्याउन विभिन्न तरिकाहरू पत्ता लगाई यस कार्यक्रमलाई देशभरी व्यवहारिक रूपमा लागू गर्न सुधारात्मक सुझावहरू यहाँ प्रस्तुत गरिएको छः

### ५.२.१ नीतिगत तह

शिक्षा विभागले निरन्तर रूपमा विद्यालयमा आवश्यक पर्ने निरन्तर मूल्याङ्कन प्रणालीको निर्देशिका विकास गरी सरोकारवालाहरूलाई उपलब्ध गराउनु पर्ने देखिन्छ । उक्त निर्देशिकाको प्रयोग अनिवार्य रूपमा सम्बन्धित निकायहरूबाट सही ढङ्गले भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने नीति अवलम्बन गर्नु पर्ने देखिन्छ । निरन्तर मूल्याङ्कन प्रणालीमा सबै भन्दा बढी शिक्षकहरू नै जिम्मेवार देखिन्छन् किनकी निरन्तर मूल्याङ्कन प्रणालीको उद्देश्य अनुरूप विद्यार्थीको उपलब्धि निर्धारण गर्ने, रेकर्ड राख्ने, श्रेणी विभाजन गर्ने, विद्यार्थीलाई पृष्ठपषेषण दिने काममा शिक्षक सशक्त देखिन्छ । तर शिक्षकको पेशागत असुरक्षा, सेवा सुविधा र नियुक्ति प्रक्रियामा समेत विभेद भएकाले पेशाप्रति निराशा देखिन्छ ।

अतः समान सेवा सुविधा तथा एकै प्रकृतिको नियुक्ति हुने नीतिगत व्यवस्थाको जरुरी देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सम्बन्धमा सरोकारवाला अभिभावक, शिक्षक, विद्यार्थी लगायत अन्य पक्षहरू समेत कुनै पनि राजनैतिक वा वैचारिक सीप र व्यवहारमा विद्यालयीय क्रियाकलापहरू सञ्चालन नगर्न निष्पक्ष तथा तटस्थ भूमिका निर्वाह गर्न अनिवार्य रूपमा शैक्षिक संगठनमा गर्नु पर्ने नीतिगत व्यवस्था रहनु पर्ने देखिन्छ । यसका लागि नेपाल सरकार मन्त्रीपरिषद् र व्यवस्थापिका मार्फत् शिक्षकले निरन्तर मूल्याङ्कन प्रणालीको काम कर्तव्य र अधिकार सम्बन्धी शिक्षा ऐन तथा नियमावलीमा संशोधन गर्नुपर्ने आवश्यक देखिन्छ ।

शिक्षकहरूका लागि आवश्यक पर्ने सहयोगी सामग्रीहरूको विकास गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनबाट विद्यार्थीको सक्षमतामा परेको प्रभावको प्रभावकारिता अध्ययन गर्ने, परीक्षा प्रणालीका बेफाइदाहरूले गुणस्तर सुधार हुन नसकेको कुरा स्पष्ट रूपमा प्रचारप्रसार गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका बारेमा आम सहमति जुटाउनुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न पाठ्यक्रम विकास केन्द्रले थप र ठोस पहल गर्नुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न विद्यार्थी कार्यसञ्चयिका राख्न वैज्ञानिक क्याबिनेटको विकास र वितरण गर्नुपर्दछ, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नका लागि शिक्षा विभागले उचित सहयोग तथा अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न केन्द्रदेखि जिल्ला तहसम्मका निकायहरूको भूमिकालाई पुनः परिभाषित गरी जिम्मेवारी स्पष्ट रूपमा किटान गरिनुपर्दछ ।

प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गर्न व्यवहारिक र कार्यमूलक तालिम दिनुपर्दछ । विभिन्न निकायहरूबाट सञ्चालन हुने सबै किसिमका शिक्षक तालिमसँग निरन्तर विद्यार्थी मूल्याङ्कनलाई पनि समावेश गर्नुपर्दछ । प्रतिवेदन माथिबाट पनि तल पठाउने र प्रचार प्रसार गर्ने कार्य हुनुपर्ने, परीक्षणका रूपमा रहेको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा प्रयोग गरिएका फारामहरूलाई संसोधित पाठ्यक्रम अनुसार निर्माण गरी अझ सरल बनाउनुपर्ने । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न केन्द्रदेखि जिल्ला तहसम्मका निकायहरूको भूमिकालाई सक्रिय बनाउने ।

### ५.२.२ कार्यान्वयन तह

निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्ने क्रममा सरोकारवाला, प्रधानाध्यापक, शिक्षक, अभिभावक, वि.व्य.स. अध्यक्ष लगायत अन्य जिम्मेवार निकाय तथा व्यक्तिहरूलाई आ-आफ्नो कार्य, कर्तव्य र अधिकार तथा दायित्व अनिवार्य रूपमा पूरा गराउन भएका नीतिगत प्रावधानलाई पूर्ण रूपमा व्यवस्थापन गर्नु पर्ने देखिन्छ । कार्यान्वयनको समयमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई बोझको रूपमा लिगि सम्पूर्ण सरोकारवालालाई भेला गरी यस बारेमा पूर्ण रूपमा जानकारी लिई नियमित रूपमा निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा अनुगमन तथा मूल्याङ्कन कार्य अनिवार्य गर्नु पर्ने देखिन्छ ।

कक्षा १ देखि विद्यार्थीहरूको कार्य सञ्चयिका फारम तयार गरी सुरक्षित साथ राख्ने र माथिल्लो कक्षाका शिक्षकलाई हस्तान्तरण गर्दै जानुपर्ने, अभिभावकहरूलाई मासिक रूपमा विद्यालयमा बोलाई कार्य सञ्चयिका फाइल अध्ययन गर्न दिई नियमित छलफल गर्नुपर्ने, नियमित अनुगमन निरीक्षण तथा सुपरिवेक्षणको व्यवस्था गरिनुपर्ने, विद्यार्थीको सिकाइका साथसाथै शिक्षकको प्रभावकारिताको पनि मूल्याङ्कन गरिनुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न पाठ्यक्रम प्रबोधीकरणको औपचारिकतामा मात्र नअल्झी स्रोत व्यक्ति तथा शिक्षकलाई तालिम दिनुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न शिक्षा विभाग र पा.वि.के.सँग आवश्यक सल्लाह र सहयोग लिन पहल गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लगायतका कम मात्रामा लागू भएका प्रावधानहरूको स्पष्ट योजना बनाई अनुगमन गर्नुपर्ने र शिक्षकहरूलाई स्थानीय तहमा नै उपलब्ध साधन र स्रोत प्रयोग गरी शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा उत्प्रेरित गर्नुपर्ने हुन्छ ।

### ५.२.३ अनुसन्धान तह

मूल्याङ्कन प्रणाली भनेको निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । तर हाम्रा विद्यालयहरूमा मूल्याङ्कनलाई परीक्षा का रूपमा मात्र सिमित गर्ने परिपाटी हावि भएकोले यसको आसय र मर्म अनुरूप वास्तविक मूल्याङ्कन हुन सकिराखेको छैन । शिक्षाको गुणात्मक विकासका लागि निरन्तर मूल्याङ्कन लाई नै जोड दिनु पर्द छ । प्राथमिक शिक्षाको गुणात्मक विकास गर्न र प्राथमिक शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्ने दरलाई घटाई शैक्षिक क्षति कम गर्न नवौं योजना देखि यो सुरुवात भएको हो । नेपालको सन्दर्भमा यसको आवश्यकता दिन प्रतिदिन खड्किदै गएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको सर्वाङ्गिण विकासका लागि कक्षामा पछि परेकाहरूका लागि अग्रसर गराउने माध्यम हो । शिक्षकको क्षमता विकास गर्ने अवसर हो । त्यसैले पनि यसको सहि उपयोग परि लाभ लिन सक्नु पर्दछ ।

अनुसन्धानकर्ताले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्दा आईपरेका समस्या र त्यसको समाधानका लागि अपनाउनु पर्ने उपायका विषयमा अनुसन्धान गर्न सक्नेछन । प्रत्येक विद्यालयमा यसको कार्यान्वयन भए नभएको र कार्यान्वयनका लागि प्र.अ वि.व्य.स. तथा अन्य निकायले सहयोग गरे नगरेको सम्वन्धी नियमित अनुगमन तथा सुपरिवेक्षण गरि कार्यान्वयनका लागि सहयोग गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनबाट विद्यार्थीको सक्षमतामा परेको प्रभावको प्रभावकारिता अध्ययन गर्ने, विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिबाट नियमित अनुगमन तथा सुपरीवेक्षण भए नभएको र आवश्यक सहयोग गरे नगरेको सम्वन्धित निकायबाट निरिक्षण गरिनुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, निरन्तर मूल्याङ्कनका लागि प्रयोग गरिएका सूचकहरूले विद्यार्थीको सिकाइ तथा सक्षमताको लागि सहयोग गरे नगरेको अनुसन्धान गरी आवश्यक सहयोग गर्नुपर्ने र. पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप सिकाइ भए नभएको अध्ययन गरी सम्वन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


कार्की, उपेन्द्रकुमार (२०५४), *सिकाइ सिद्धान्त र मूल्याङ्कन,* काठमाडौं : भृकुटी पुस्तक तथा मसलन्द भण्डारी ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड ड्रिष्टिव्युटर्स ।

ज.ब.रा. स्ययं प्रकाश र अन्य (२०६२), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा, विजयकुमार र अन्य (२०६२), *व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०५६), *निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक स्रोत सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र  (२०५६), *निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६०), *निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक तालिम पुस्तिका,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र, (२०६८), *निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखीकरण सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७०) *आधारभूत तह (कक्षा ६-८) विद्यार्थी मूल्याङ्कन स्रोत सामग्री,* भक्तपुर : लेखक ।

पौडेल, नारायण प्रसाद (२०६३), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव,* (अप्रकाशित शोधपत्र) सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार (२०६४), *तीन वर्षीय अन्तरिम योजनाको आधार पत्र २०६४-२०६५/२०६६-२०६७,* काठमाडौं : राष्ट्रिय योजना आयोग ।

शर्मा, चिरञ्जिवी (२०६०), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : एम.के.पब्लिसर्श एण्ड डिष्ट्रिव्युटर्स ।

शिक्षा विभाग (२०६४), *शैक्षिक तथ्याङ्क सारांश २०६४,* भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०६८), *निरन्तर मूल्याङ्कन प्रणाली स्रोत सामग्री,* काठमाडौं : शिक्षा विभाग ।

# विषयसूची

**पृष्ठ**


प्रतिज्ञा-पत्र

सिफारिस-पत्र

स्वीकृति-पत्र

कृतज्ञता ज्ञापन

शोधशार


**परिच्छेद एक**

**परिचय**


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ९ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनुसन्धान प्रश्नहरू | १० |
| १.६ अध्ययनको परिसीमा | ११ |
| १.७ मुख्य शब्दहरूको पारिभाषिक अर्थ | ११ |


**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १५ |
| २.३ पुनारावलोकनको उपादेयता | १७ |

## परिच्छेद तीन

## अध्ययन विधि


३.१ अध्ययन ढाँचा १९

३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनौट १९

३.४ तथ्याङ्क संकलनका साधनहरु २१

३.४.१ अवलोकन फारम २२

३.४.२ छलफल निर्देशिका २२

३.४.३ प्रश्नावली २२

३.४.४ अन्तरवार्ता २२

३.४.५ क्षेत्रगत भ्रमण र अवलोकन २३

३.४.६ छलफल २३

३.५ तथ्याङ्कका स्रोतहरू २३

३.५.१ प्राथमिक स्रोत २३

३.५.२ द्वितीय स्रोत २३

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २४


## परिच्छेद चार

## नतिजाको छलफल/विश्लेषण


४.१ निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति २५

४.१.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान स्थिति ३०

४.१.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अनुगमन ३१

४.१.३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सफल पार्ने तरिकाको प्रयोग ३२

४.१.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने तरिका ३३

४.२ निरन्तर मूल्याङ्कनको प्रभावकारिताको विश्लेषण ३४

४.२.१ प्र.अ. को दृष्टिकोण ३४

४.२.२ शिक्षकको दृष्टिकोण ३५

४.२.३ वि.व्य.स. अध्यक्षको दृष्टिकोण ३५

४.२.४ अभिभावकको दृष्टिकोण ३५

४.२.५ श्रोत व्यक्तिको दृष्टिकोण ३५

४.२.६ विद्यार्थीको दृष्टिकोण ३६

४.२.७ वि.नि.को दृष्टिकोण ३६

४.२.८ जि.शि.अ.को दृष्टिकोण ३६

४.३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयन गर्ने क्रममा आइपरेका मुख्य समस्याहरू ३६

४.३.१ निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरू ३६

४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा देखिएका समस्या समाधानका उपायहरू ३८

**परिच्छेद-पाँच**

**निष्कर्ष र सुझावहरू**

५.१ निष्कर्ष ४१

५.२ सुझावहरू ४३

५.२.१ नीतिगत तह ४३

५.२.२ कार्यान्वयन तह ४५

५.२.३ अनुसन्धान तह ४५

## सन्दर्भ सामग्रीहरू

## अनुसूचीहरू

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

### अनुसूची-१

### स्रोतव्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : ........................................ अनुभव वर्ष : ..............

पद : स्रोतब्यक्ति................. शैक्षिक योग्यता : ..........

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोला ।**

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको आवश्यकता किन ठान्नु भएको छ ?

..........................................................................................................

२. स्रोतकेन्द्र भित्रका सबै विद्यालयहरुमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यन्वयन भएको छ त?

३. प्राथमिक तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली नै किन उपयुक्त ठानिएको हो ?

..........................................................................................................

४. प्राथमिक तह (कक्षा १-३) मा राम्रो मूल्याङ्कन गर्न के गर्नुपर्ला ?

..........................................................................................................

५. प्राथमिक विद्यालय (कक्षा १-३) मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न के-कस्तो व्यवस्था गरिएको छ ?

..........................................................................................................

६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए-नभएको कसरी अनुगमन गर्ने व्यवस्था गरिएको छ ?

..............................................................................................................

७. प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयनको अवस्था कस्तो छ?

..............................................................................................................

८. प्रभावकारी रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यन्वयन गर्न के-कस्तो व्यवस्था गर्नुपर्ला ?

..............................................................................................................

९. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न स्रोतव्यक्तिलाई के-कस्तो जिम्मेवारी तोकिएको छ ?

..............................................................................................................

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न तालिमको व्यवस्था गरिएको छ ?

..............................................................................................................

११. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली उपयोगको प्रभाव कस्तो परेको छ ?

..............................................................................................................

१२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको नराम्रो पंक्ष के हो ?

..............................................................................................................

१३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रावधान बमोजिम कार्यन्वयन भएको छ वा छैन ? छैन भने किन ?

..............................................................................................................

१४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका मुख्य समस्या के ठान्नु हुन्छ र समाधन गर्न के गर्नु पर्ला ?

..............................................................................................................

***सहयोग गरिदिनु भएकोमा धन्यवाद !***

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-२

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयका नामः ........................................

वि.व्य.स. अध्यक्षको नामः ...............................

योग्यताः..........................

ठेगानाः.......................................

**तलका प्रश्नमा आफूलाई मन पर्ने बुँदामा ठीक (Ĕ) चिन्ह लगाउनुहोला ।**

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा कत्तिको जानकारी छ ?

(क) छ (ख) अलिअलि छ (ग) छैन (घ) वास्तागरिँदैन

२. विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएनभएको अनुगमन गर्ने गर्नुभएको छ ?

(क) छ (ख) छैन (ग) यो त प्र.अ.को काम हो

(घ) यो त स्रो.व्य.को.नाम हो

३. प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कन गर्दा कसरी गर्नुपर्छ ?

(क) लिखित परीक्षा लिएर (ख) मौखिक परीक्षा लिएर

(ग) निरन्तर प्रक्रिया (घ) निरन्तर र लिखित परीक्षा लिएर

४. राम्रो मूल्याङ्कन गर्न के गर्नुपर्ला ?

(क) कम विद्यार्थी भर्ना गर्नुपर्ने (ख) शिक्षक बढी नियुक्ति गर्नुपर्ने

(ग) प्र.अ. ⁄शिक्षकलाई तालिम दिनुपर्ने (घ) लिखित परीक्षा सञ्चालन गर्नुपर्ने

५. विद्यार्थी किन बढी असफल हुन्छन् ?

(क) पढाइ नभएर (ख) राम्रो मूल्याङ्न नगरेर

(ग) तालिम प्राप्त शिक्षक नभएर (घ) वेवास्ता गरेर

६. बढी विद्यार्थी सफल गराउन के गर्नुपर्ला ?

(क) सबैलाई परीक्षा नलिई कक्षा चढाउने ख) राम्रो पठनपाठन गर्ने

(ग) सजिला प्रश्न सोध्ने घ) शिक्षकलाई मूल्याङ्न सम्बन्धी तालिम दिनुपर्ने

७. विद्यार्थीको प्रगति विवरणमा अभिभावकको सहयोग कत्तिको छ ?

(क) सधैं सहयोग हुन्छ (ख) अलिअलि

(ग) आवश्यकता अनुसार (घ) हुँदैन

८. पहिला निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएको थियो वा थिएन ?

(क) थियो (ख) थिएन

(ग) वास्तै गरिएन (घ) अलिअलि थियो

९. निरन्तर मूल्याङ्कन प्रणालीको विद्यमान अवस्था कस्तो छ ?

..........................................................................................................

१०. निरन्तर मूल्याङ्कन प्रणालीको प्रावधान बमोजिम कार्यन्वयन भएको छ वा छैन ? छैन भने किन ?

..........................................................................................................

११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रयोगमा ल्याउँदा आउने समस्याहरू के पाउनु भएको छ ? तिनलाई समाधान गर्न के गर्नु पर्ला ?

..........................................................................................................

***सहयोग गरिदिन भएकोमा धन्यवाद !***

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-३

## प्रधानाध्यापक/प्राचार्यका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयका नामः ........................................

प्र.अ.को नामः ...............................

योग्यताः..........................  शिक्षण अनुभव वर्षः....................

ठेगानाः.......................................  हस्ताक्षरः......................

**तलका प्रश्नमा आफूलाई मन पर्ने बुँदामा ठीक (Ĕ) चिन्ह लगाउनुहोला ।**

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको किन आवश्यक छ ?

(क) कक्षा चढाउन

(ख) सुधारात्मक शिक्षण गर्न

(ग) विद्यार्थीको बानी व्यवहार थाहा पाउन

(घ) बढी विद्यार्थी उत्तीर्ण गराउन

२. शिक्षकलाई कति पटक निरन्तर विद्यार्थी मूल्याङ्कनको तालिममा पठाउनु भएको छ ?

(क) छैन  (ख) १ पटक  (ग) २ पटक  (घ) ३ पटक

३. विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न के गर्नुपर्ला ?

(क) कम विद्यार्थी भर्ना गराउने  (ख) बढी शिक्षक नियुक्ति गर्ने

(ग) प्र.अ./शिक्षकलाई नियमित रूपमा तालिम दिने

(घ) लिखित परीक्षा सञ्चालन गर्ने

४. बढी विद्यार्थी सफल गराउन के गर्नुपर्ला ?

(क) निरन्तर रूपमा मूल्याङ्कन गर्ने

(ख) राम्रो शिक्षण विधिहरू प्रयोग गर्ने

(ग) तालिम प्राप्त शिक्षक नियुक्ति गर्नुपर्ने

(घ) सरल खालका प्रश्नहरू सोध्ने

५. विद्यालय र समुदायमा मूल्याङ्कन प्रणालीप्रतिको प्रतिक्रिया के छ ?

(क) सकारात्मक (ख) नकारात्मक

(ग) मिश्रित (घ) प्रतिक्रिया देखाउँदैनन्

६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सफल पार्न तपाईले विद्यालयमा के-के गर्ने गर्नुभएको छ ?

………………………………………………………………………………………………

……………………………………………………………… ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोग सफल बनाउन के-के गर्नुपर्ला ?

……………………………………………………………………………………।

८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली उपयोगको विद्यमान अवस्था के कस्तो छ ?

……………………………………………………………………………………।

९. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रावधान बमोजिम भएको छ छैन ? छैन भने किन ?

……………………………………………………………………………………।

१० निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोगका मुख्य समस्या के ठान्नु हुन्छ र समाधान गर्न के गर्नु पर्ला ?

……………………………………………………………………………………।

*सहयोग गरिदिनुभएकोमा धन्यवाद !*

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-४

## शिक्षकका लागि अन्तवार्ता प्रश्नावली

विद्यालयका नामः .......................................

शिक्षकको नामः ...............................

योग्यताः..........................                शिक्षण अनुभव वर्षः....................

ठेगानाः......................................  हस्ताक्षरः.....................

**तलका प्रश्नमा आफूलाई मन पर्ने बुँदामा ठीक (Ĕ) चिन्ह लगाउनुहोला ।**

१. अभिभावकहरू विद्यार्थीको प्रतिफल बुझ्न कत्तिको आउँछन् ?

(क) केही मात्रामा (ख) आउँदैनन्

(ग) सबै आउँछन् (घ) बोलाएपछि मात्र सबै आउँछन्

२. निरन्तर विद्यार्थी मूल्याङ्कन परीक्षण कालमा विद्यार्थी कार्यसञ्चयिका केमा राख्नुहुन्थ्यो ?

(क) दराज (ख) कोठामा

(ग) बाकसमा (घ) कोठामा झुण्ड्याएर

३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको मुख्य फाइदा के हो ?

(क) तिरन्तर सिकाइ स्तरको जानकारी हुन्छ ख) मूल्याङ्कन गर्न सजिलो हुन्छ

(ग) विद्यार्थी असफल हुँदैनन् (घ) सिकाइ उपलब्धी पूरा गर्न प्रभावकारी हुन्छ

घ) मूल्याङ्कन शिक्षकलाई मूल्याङ्नसम्बन्धी तालिम दिनुपर्ने

४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको मूख्य फाइदा के हो ?

(क) विद्यार्थीले सिक्न सक्दैनन् (ख) धेरै खट्नुपर्ने उपलब्धि कम हुने

(ग) झन्झटिलो (घ) खर्चिलो

५. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम कतिपटक लिनुभएको छ ?

(क) छैन (ख) १ पटक (ग) २ पटक (घ) ३ पटक

६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्न के गर्नुपर्छ ?

(क) शिक्षकलाई तालिम दिनुपर्छ (ख) शिक्षक दरबन्दी थप्नुपर्छ

(ग) भौतिक साधन थप्नुपर्छ (घ) लागू गर्न नै गाह्रो छ

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको परीक्षणकालमा अभिभावकको प्रतिक्रिया कस्तो थियो ?

(क) राम्रो मानेका थिए (ख) वास्तै गरेका थिएनन्

(ग) सामान्य मानेका थिए (घ) नराम्रो मानेका थिए

८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका विद्यमान अवस्था के कस्तो छ ?

.....................................................................................।

९. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयन प्रावधान बमोजिम भएको छ छैन ? छैन भने किन ?

.....................................................................................।

१० निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोगका मुख्य समस्या के ठान्नु हुन्छ र समाधान गर्न के गर्नु पर्ला ?

.....................................................................................।

११. विद्यार्थीको मूल्याङ्कन निरन्तर मूल्याङ्कन प्रणाली वा परीक्षा प्रणालीबाट गर्ने गर्नुभएको छ ?

.....................................................................................।

१२. माथिल्लो निकायबाट विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएनभएको कत्तिको अनुगमन गर्ने गर्नुभएको छ ?

.....................................................................................।

१३. प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको परीक्षण कालमा यसबारे तपाईको अनुभव कत्तिको छ ?

.....................................................................................।

***सहयोग गर्नुभएकोमा धन्यवाद !***

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-५

## विद्यार्थीसँग समूह छलफल गर्ने प्रश्नसूची

१. तिमीहरूलाई परीक्षासँग डर कत्तिको लाग्छ ? किन ?

२. तिमीहरू कक्षामा फेल हुने गरेका कुरा थाहा छ ?

३. परीक्षा नलिई मूल्याङ्कन गरी माथिल्लो कक्षा चढाउने तरिका कस्तो लाग्छ ?

४. तिमीहरूले गरेको कार्यहरू कसरी सञ्चय गरेर राख्ने गरेका छौं ?

५. शिक्षकहरू तालिममा गएर आएपछि केके नयाँ कुराहरू गर्ने गर्नुभएको छ ?

६. अहिले तिमीहरूको मूल्याङ्कन कसरी गर्ने गरिएको छ ?

७. तिमीहरूलाई मनपर्ने मूल्याङ्कनको तरिका कुन हो ?

८. निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न के गर्नुपर्ला ?

९. तिमीहरूलाई मनपर्ने शिक्षकको नाम के हो ? किन ,

१०. घरको काममा अभिभावकले र कक्षामा दिने काममा शिक्षकले कसरी सहयोग गर्नुहुन्छ ?

११. कक्षामा पास हुँदा र फेल हुँदा तिनीहरूलाई कस्तो अनुभूति हुन्छ ?

१२. विद्यालयमा अनियमित हुने साथीलाई के गर्नु पर्छ जस्तो लाग्छ ?

१३. कक्षामा कत्तिको साथीहरूले गृहकार्य गर्ने गर्छ ?

१४. तिमीहरू कक्षा छोडेर बाहिर जान्छौं कि जाँदैनौं ?

१५. निरन्तर मूल्याङ्कनका बारेमा के थाहा छ ?

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयन

## अनुसूची-६

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

१. तपाईहरूका नानीहरू परीक्षासँग कत्तिको डर मान्छन् ? किन ?

२. तपाईहरूका नानीहरू विद्यालय जान रुची गर्छन् ?

३. तपाईहरूलाई परीक्षा नलिई मूल्याङ्कन गरेर माथिल्ला कक्षा चढाउने तरिका कस्तो लाग्छ ?

४. तपाईहरू छोराछोरहिरूको प्रगति बुझ्न विद्यालय जाने गर्नुहुन्छ ?

५. शिक्षकहरू तालिममा किन जानुहुन्छ ? आएपछि के-के नयाँ कुराहरूको प्रयोग गर्नु भएको थाहा छ ?

६. अहिले विद्यार्थीहरूको मूल्याङ्कन प्रक्रियाप्रति तपाईलाई जानकारी छ ?

७. विद्यार्थीहरूले पढाइ नसकी विद्यालय छोड्ने कारण के हो ?

८. नानीहरूलाई मन नपर्ने विषय कुन हो ? किन ?

९. के गरे विद्यार्थीहरूले राम्ररी सिक्न सक्छन् होला ?

१०. कस्ता शिक्षकलाई विद्यार्थीहरूले राम्रो मान्छन् ?

११. विद्यार्थीलाई नियमित गर्न तपाईहरूले कस्तो प्रयास गर्नु भएको छ ?

१२. निरन्तर मुल्यांकनपछि विद्यार्थीका लेखाजोखा कसरी गर्नु भएको छ ?

१३. विद्यालय नियमित गराउन विद्यार्थीलाई सरकारले थप के  गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

१४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट तपाईका नानीहरूमा कस्तो परिवर्तन आएको पाउनु भएको छ ?

१५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोग गर्ने क्रममा के समस्या आएको देख्नु भएको छ ? यिनलाई समाधान गर्न के गर्नु पर्ला ?

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-७

## विद्यालय अवलोकन फाराम

| क्र.सं. | विवरण | उत्तम | मध्यम | न्युन | कैफियत |
|---|---|---|---|---|---|
| १ | निरन्तर मूल्याङ्कन प्रणाली अपनाइएको | छ/छैन | छ/छैन | छ/छैन | |
| २. | झन्झट मान्ने गरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ३. | अनुगमन गर्ने गरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ४. | तालिम लिएको | छ/छैन | छ/छैन | छ/छैन | |
| ५. | कार्यसञ्चयिका फाराम राखेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ६. | विद्यार्थीको हाजिरी गरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ७. | परियोजना कार्यको रेकर्ड राख्ने गरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ८. | पाठ्यक्रम अनुसार मूल्याङ्कन फाराम भरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ९. | तालिममा सिकेको कुरा उपयोग गरेको | छ/छैन | छ/छैन | छ/छैन | |
| १०. | नीतिगत अन्योल परेको | छ/छैन | छ/छैन | छ/छैन | |
| ११. | समयको अभाव भएको | छ/छैन | छ/छैन | छ/छैन | |
| १२ | प्रतिबद्धता अठोट गरेको | छ/छैन | छ/छैन | छ/छैन | |

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-८

## नमुना छनोटमा परेका विद्यालय विवरण

| क्र.सं. | विद्यालय | प्राचार्य/प्र.अ. | वि.व्य.स.अध्यक्ष | स्रोत व्यक्ति |
|---|---|---|---|---|
| १ | कालिका मा.वि सिस्नेरी | शिव प्रसाद दाहाल | नवराज खडका | शान्त बहादु कार्की |
| २. | पञ्चकन्या मा.वि | शान्ती मान राई | कृते राई | |
| ३. | बलखु मा.वि | शान्ती प्रसाद पराजुली | दिपहरी राई | |
| ४. | सुनकोशी मा वि | तारा प्रसाद पहाडी | इन्द्र बहादुर खडका | |
| ५. | सरस्वती प्रा.वि | युवराज तिम्सिना | कमान बहादुर खत्री | |

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-९

## नमुना छनोटमा परेका शिक्षक र अभिभावकको विवरण

| क्र.सं. | विद्यालय | शिक्षक. | अभिभावक |
|---|---|---|---|
| १ | कालिका मा.वि सिस्नेरी | गणेश प्रसाद गौतम<br>कमल बहादु राना | खेत लाल पण्डित<br>गोकर्ण गौतम |
| २. | पञ्चकन्या मा.वि | घनश्याम अधिकारी<br>शान्ति प्रसाद बराल | पुस्त बहादुर राइ<br>तारा पण्डित |
| ३. | बलखु मा.वि | निर्मला ढकाल<br>भोजराज पहाडी | शादेव गिरी<br>बैकुण्ठ लुइटेल |
| ४. | सुनकोशी मा वि | बासुदेव लुइटेल<br>ओम प्रकास लुइटेल | भिम बहादु माझी<br>रमेश पहाडी |
| ५. | सरस्वती प्रा.वि | युवराज तिम्सिना<br>खिला नाथ बराल | सावित्री राइ<br>तारा नाथ बराल |

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-१०

## नमुना छनोटमा परेका विद्यार्थीको विवरण

| क्र.सं. | विद्यालय | विद्यार्थी. |
|---|---|---|
| १ | कालिका मा.वि सिस्नेरी | सिता राइ<br>रुविना धमला<br>प्रविन सापकोटा<br>धन बहादुर तामाङ |
| २. | पञ्चकन्या मा.वि | लक्ष्मी राइ<br>शारदा राइ<br>बिबेक राइ<br>सुनिल श्रेष्ठ |
| ३. | बलखु मा.वि | माया तामाङ<br>पार्वती खत्री<br>लक्ष्मण खत्री<br>चन्द्र बहादुर मगर |
| ४. | सुनकोशी मा वि | सिता माझी<br>लालमाया मगर<br>केशव कार्की<br>लालबाबु श्रेष्ठ |
| ५. | सरस्वती प्रा.वि | लक्ष्मी श्रेष्ठ<br>एलिना बराल<br>रोशन मगर<br>शिव बहादुर तामाङ |

## निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था

## अनुसूची-११

## छलफल निर्देशिकाको नमुना

१. निरन्तर विद्यार्थी मूल्याङ्कनको विद्यमान अवस्था कस्तो छ ?

२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कसरी उपयोगमा ल्याइएको छ ?

३. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीता विद्यालयमा कस्तो छ ?

४. निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोग गर्दा के फाइदा भयो ?

५ निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोग गर्दा के समस्या देखा पऱ्यो ?

६. निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोग गर्दा समस्या कसरी समाधान गर्नु पर्ला ?

# व्यक्तिगत विवरण

नाम थर : मोहन कुमार गौतम

बाबुको नाम : मोतिलाल गौतम.

आमाको नाम : हर्कमाया गौतम

जन्म मिति : २०४६/०२/०१

स्थायी ठेगाना : सुनकोशी गा.पा ६ ओखलढुङ्गा

सम्पर्क नम्वर : ९८४२९३६२४६

२) शिक्षा

| क्र. सं. | शिक्षण संस्थाको नाम | उत्तीर्ण तह | उत्तीर्ण श्रेणी | बोर्ड | साल |
|---|---|---|---|---|---|
| १ | भगवती मा.वि मानेभञ्ज्याङ्ग | एस.एल.सी | द्वितीय | एस.एल.सी. बोर्ड | २०६२ |
| २ | बरुणेश्वर मा.वि रामपुर | आई.एड्. | द्वितीय | H S E B . | २०६५ |
| ३ | शहीद आदर्श क्याम्पस रामपुर | वि.एड्. | द्वितीय | त्रि.वि. | २०६८ |
| ५. | ओखलढुङ्ग क्याम्पस ओखलढुङ्ग | एम.एड्. | शोध लेखनरत | | |

तालिम

: सेवा प्रबेश तालिम (प्रा.शि.तृ)

: टि.पि.डी.पहिलो (Teacher's proffestional developmemt)

अनुभव : २ वर्ष प्राथमिक तहको शिक्षणको अनुभव

प्राप्तिहरू : ,नि.मा.वि.र मा.वि. शिक्षक शिक्षण अनुमति-पत्र प्राप्त